सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ असोज २०८२, आइतबार (21 Sep 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

CG inspiring life SINCE 1982

CG MERIDIA SIGNATURE SERIES

भित्र्याऔं खुशी र सम्बृद्धि

#LevelUp!WithCG







CASHBACK upto Rs.1,81,900*

दशैं दक्षिणा

MICROWAVE OVEN	SEMI AUTOMATIC / TOP LOADING WASHING MACHINE	FRONT LOAD WASHING MACHINE	DISHWASHER	AIR CONDITIONER
FREE Cooking Kit	FREE Ariel 3 Kg	FREE Ariel 6 Kg	FREE Dishwasher Kit	FREE Installation









Get 9 Months NETTV Subscription On purchase of 43" & above television

FOR X-CHANGE & EMI CG Exchange Elex Exchange | Upgrade | Save

तुरुन्तै 0% सजिलो EMI* नागरिकता भए पुग्छ ! | उच्च मुल्याङ्कन एक्सचेन्ज* सुबिधा

Stay Connected cginspiringlife.com.np cginspiringlife cginspiringlife cginspiringlife

CUSTOMER CARE TOLL FREE NO. 166 00 102 211 9851202211

For Dealership Inquiry: 9851237020
For Corporate Inquiry: 9851012539

Warranty* up to 10 YEARS

FREE Installation*

FREE Free Delivery*

FOR X-CHANGE & EMI CG Exchange Elex

Buy Online

यो योजना भाद्र १८ गते देखि नेपाल अधिराज्यभरी सिमित अवधिका लागि लागू हुनेछ। *शर्तहरु लागू हुनेछन् । बिक्रीदरमा भ्याट संलग्न गरिएको छ । नेपाल सरकारको नियमानुसार कर लागू हुनेछ । सम्पूर्ण अधिकार कम्पनीमा निहित रहने छ ।

CG DIGITAL: RAVIBHAWAN: 01-5376049, 5381749 | UWTC: 01-4117002, 4117114 | NAYA BAZAR: 01-4964072, 4981029 | RADHEY RADHEY: 01-6638472, 6638871 | KIRTIPUR: 01-4331140, 4333241 | HATTIGAUDA: 1-4376815, 5901801 | BASUNDHARA: 01-5911023, 5911024 | JORPATI: 01-5134087, 5134187 | GATTHAGHAR: 01-5913182, 5913183 | TEKU: 01-5914179, 5914379 | BISHALNAGAR: 01-4531837, 4511269 | BANEPA: 011-665679, 665688 |BIRTAMODE: 023-591158, 591159 | DAMAK: 023-578444, 578445 | ITAHARI: 025-581126, 581136 | BIRGUNJ: 051-592135, 592136 | HETAUDA: 057-590778, 590779 | BHARATPUR: 056-538020, 538230 | CG SASHWATDHAM: 078-590654 | POKHARA: 061-591112, 591113

CG ELECTRONICS

CG
inspiring life
SINCE 1982

CG MERIDIA
SIGNATURE SERIES

भित्र्याऔं खुशी र सम्बृद्धि
#LevelUp!WithCG

Bumper Prize*



Vietnam Trip &
Hero Splendor+

Fortnightly*
Lucky Draw



बम्परमा सहभागी हुन दिईएको
QR Code Scan
गरेर आफ्नो विवरण भर्नुहोस् ।

Buy Online

यो योजना भाद्र २० गते देखि नेपाल अधिराज्यभरी सिमित अवधिका लागि लागू हुनेछ।
*शर्तहरु लागू हुनेछन् । बिक्रीदरमा भ्याट संलग्न गरिएको छ । नेपाल सरकारको नियमानुसार कर लागू हुनेछ । सम्पूर्ण अधिकार कम्पनीमा निहित रहने छ ।

Stay Connected cginspiringlife.com.np cginspiringlife cginspiringlife cginspiringlife

CG DIGITAL: RAVIBHAWAN: 01-5376049, 5381749 | UWTC: 01-4117002, 4117114 | NAYA BAZAR: 01-4964072, 4981029 | RADHEY RADHEY: 01-6638472, 6638871 | KIRTIPUR: 01-4331140, 4333241 | HATTIGAUDA: 1-4376815, 5901801 | BASUNDHARA: 01-5911023, 5911024 | JORPATI: 01-5134087, 5134187 | GATTHAGHAR: 01-5913182, 5913183 | TEKU: 01-5914179, 5914379 | BISHALNAGAR: 01-4531837, 4511269 | BANEPA: 011-665679, 665688 | BIRTAMODE: 023-591158, 591159 | DAMAK: 023-578444, 578445 | ITAHARI: 025-581126, 581136 | BIRGUNJ: 051-592135, 592136 | HETAUDA: 057-590778, 590779 | BHARATPUR: 056-538020, 538230 | CG SASHWATDHAM: 078-590654 | POKHARA: 061-591112, 591113

LG SHOPPE: MINBHAWAN: 01-4106530, 4106652 | JAWALAKHEL: 01-5446218, 5446612 | KANTIPATH: 01-5318116, 5353992 | CHABAHIL: 01-4561234, 4598382 | SITAPAILA: 01-4034562, 4034668 | IMADOL: 01-5200426, 5200427 | BIRATNAGAR: 021-590266, 590324

CG ELECTRONICS

CUSTOMER CARE
TOLL FREE NO. 166 00 102 211
9851202211

For Dealership Inquiry:
9851126999

For Corporate Inquiry:
9851017539

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ असोज २०८२, आइतबार (21 Sep 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इतिहासमा २४ भदौ

२३ भदौको जेन-जी आन्दोलनमा केपी ओली नेतृत्वको सरकारको बर्बर दमनमा १९ निहत्था युवा मारिएपछि आक्रोशित प्रदर्शनकारीले २४ भदौमा सार्वजनिक सम्पत्ति मात्रै होइन, नेताका घर नै ध्वस्त बनाएपछि उनीहरूको सुरक्षामै चुनौती निम्तियो । त्यस दिन शीर्ष नेताहरू कहाँ के गर्दै थिए, सेनाले कसरी उद्धार गऱ्यो ? प्रमुख भौतिक संरचना कसरी ध्वस्त भए ? नयाँ पत्रिकाकर्मी **शुरोजंग पाण्डे** र **टेकराज थामी**ले तयार गरेको रिपोर्ट :

केपी ओलीका साढे पाँच घण्टा

09:00 AM पार्टीको कोर टिमसँग बैठक



२३ भदौमा १९ युवाको ज्यान गएपछि २४ भदौको बिहानैदेखि आन्दोलन चर्कियो । तर, सकेसम्म आन्दोलन मत्थर पार्ने रणनीति तय गर्न प्रधानमन्त्री केपी ओलीले ९ बजे पार्टी उपाध्यक्षसमेत रहेका अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र राजनीतिक सल्लाहकार विष्णु रिमालसँग छलफल गरे । पौडेलले आन्दोलन नियन्त्रणबाहिर जाँदै गरेको संकेत गर्दै विभिन्न विकल्पबाट सोच्नुपर्ने सुझाव राख्न थालेका थिए । तर, पोखरेल, ज्ञवाली र रिमालले प्रतिवाद गरे । प्रधानमन्त्री ओलीले पनि सुनेको नसुनेझैं गरे ।

09:45 AM देउवासँग टेलिफोन संवाद

एमाले नेताहरू बालुवाटारमा छँदै ओलीलाई कांग्रेस सभापति शेरबहादुर देउवाले फोन गरेका थिए । बुढानीलकण्ठ निवास प्रदर्शनकारीले घेरेकाले थप सुरक्षा व्यवस्था मिलाइदिन आग्रह गरेका थिए । तर, त्यतिवेलासम्म पनि ओलीले जटिल परिस्थितिलाई नजरअन्दाज गरिरहेका थिए ।

10:00 AM सुरक्षा प्रमुखहरूको सुझावमा पनि ओलीको बेवास्ता

देउवाको फोनपछि ओलीले चारवटै सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गरे । छलफलमा ओलीले भनेका थिए, 'शेरबहादुरजीले फोन गर्नुभएको थियो, बाहिर (निवासबाहिर) मान्छे भेला भएर प्रदर्शन गरिरहेका रहेछन्, त्यहाँ सुरक्षाकर्मी पठाइदिनुपऱ्यो ।' मुख्यसचिव एकनारायण अर्याल र चार सुरक्षा प्रमुख त्यसअघि नै गृह मन्त्रालयमा बैठक बसेर प्रधानमन्त्रीसँग छलफलका लागि बालुवाटार पुगेका थिए । उनीहरूले पनि परिस्थिति असामान्य बन्दै गएकाले राजनीतिक निकासका लागि सुझाव दिए । तर, ओली उल्टै झोक्किए । ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'तपाईंहरू परिभाषित जिम्मेवारी पूरा गर्नुस्, राष्ट्रलाई निकास दिने मेरो अभिभारा म पूरा गर्छु । त्यसो गऱ्यो भने स्थिति ठिक हुन्छ ।' राजीनामा दिएर निकास दिन प्रधानसेनापतिले आग्रह गरेपछि ओली थप आक्रोशित बनेका थिए । उनीहरूबिचको संवाद नै असहज बनेको थियो । पछि अर्थमन्त्री पौडेल र ओलीका राजनीतिक सल्लाहकार रिमाललगायतले पनि सिम्देलसँग अलग्लै छलफल गरेका थिए ।

12:00 PM सर्वदलीय बैठक आह्वान

दिउँसोसम्म अपूरणीय क्षति मात्रै भएको थिएन, समय पनि धेरै घर्किसकेको थियो । ओलीले भने बल्ल छलफलका लागि सर्वदलीय बैठक आह्वान गरे । मानवीय र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै वार्ता र छलफलका माध्यमबाट आन्दोलनका माग सम्बोधनबारे छलफल गर्न साँझ ६ बजे बैठक बोलाएका थिए । तर, यो बैठक नै हुन पाएन, ओली बहिर्गमन भए ।

01:00 PM ओलीको राजीनामा ड्राफ्ट तयार

प्रधानसेनापतिसहितका सुरक्षा प्रमुखहरूले निकास दिन पटक-पटक आग्रह गर्दा पनि ओलीले बेवास्ता गरिरहे । जब प्रदर्शनकारीले संसद् भवन, सिंहदरबार, मन्त्रीनिवासदेखि शीर्ष नेतासहितका निवासमा आगजनी र तोडफोड गरेको तथा आन्दोलन नियन्त्रणबाहिर गएको प्रत्यक्ष थाहा पाए । अनि बल्ल दिउँसो १ बजे राजीनामा दिन तयार भए । त्यो पनि अर्थमन्त्री पौडेल र प्रधानसेनापति सिम्देलले बल्लतल्ल मनाउनुपऱ्यो । सिम्देलले त राजीनामा नदिने हो भने झन् विध्वंस हुने र सेनाले पनि सुरक्षा दिन नसक्ने स्थिति आउन सक्ने चेतावनी नै दिए । त्यसपछि पौडेलले ओलीलाई 'कन्भिन्स' गराए । मुख्यसचिव अर्याललगायतले राजीनामाको ड्राफ्ट तयार पारेका थिए ।

02:00 PM अनि बल्ल गरे ओलीले राजीनामापत्रमा हस्ताक्षर

यतिवेलासम्म पनि ओली राजीनामापत्रमा हस्ताक्षर नगर्ने मनस्थितिमै थिए । तर, आन्दोलनकारीले बालुवाटारसमेत घेर्न थालिसकेका थिए । उनी राजीनामा नदिएरै बालुवाटारबाट सुरक्षित स्थानतिर जाने तयारीमा थिए । तर, सेनाले राजीनामा नदिई उनलाई रेस्क्यु गर्ने मानेन । अनि बल्ल २ बजेतिर ओलीले राजीनामापत्रमा हस्ताक्षर गरे । राजीनामापत्र सेनामार्फत राष्ट्रपतिलाई बुझाए । लगत्तै उनको राजीनामा स्वीकृत भएपछि मुख्यसचिव र प्रधानसेनापतिसहितका सुरक्षा प्रमुखहरू हेलिकोप्टरबाट सैनिक मुख्यालय गए ।

02:30 PM सैनिक हेलिकोप्टरबाट ओलीलाई जोगाएर लगियो शिवपुरितिर

राजीनामालगत्तै ओली, उनकी पत्नी राधिका शाक्य र राजनीतिक सल्लाहकार विष्णु रिमाललाई सेनाले हेलिकोप्टरमा शिवपुरीस्थित स्टाफ कलेजको ब्यारेकमा पुऱ्यायो । बालुवाटारमै रहेका उपप्रधानमन्त्री पौडेल, महासचिव पोखरेल र उपमहासचिव ज्ञवालीलाई भने माथिको आदेश भन्दै त्यहीं छाडिदियो । उनीहरू प्रहरीको सहयोगमा प्रहरी प्रधान कार्यालय पुगेर सुरक्षित भएका थिए ।

शेरबहादुर देउवा : प्रदर्शनकारीले निवास नघेर्दासम्म ढुक्कै थिए

09:00 AM कर्फ्युका कारण केन्द्रीय कार्यसम्पादन बैठक स्थगित

जेन-जी आन्दोलनबाट भएको क्षतिको समीक्षा गर्न बिहान ९ बजे कांग्रेस सभापति देउवाले केन्द्रीय कार्यसम्पादन समिति बैठक राखेका थिए । उनका स्वकीय सचिव भानु देउवाका अनुसार कर्फ्युका कारण बैठक बस्न सकेन, स्थगित गरियो ।



09:30 AM निवास घेराउ, प्रधानमन्त्रीसँग गुहार

अधिल्लो राति अबेरसम्म प्रधानमन्त्री ओलीसँग संवादमा रहेका देउवाले पनि परिस्थिति असामान्य बन्ने सोचेकै थिएनन् । गृहमन्त्री रमेश लेखकले राजीनामा दिन खोज्दा पनि सम्झाएर रोक्न खोजेका थिए । ओलीमाथि राजीनामाको दबाब बढ्दा पनि मौन थिए, ढुक्क थिए । तर, बिहान ९ बजेपछि प्रदर्शनकारीले चारैतिरबाट निवास घेरा हालेपछि मात्रै उनी झस्किए । ओलीलाई फोन गरेर थप सुरक्षाकर्मी पठाईदिन गुहारे ।

11:00 AM प्रदर्शनकारीबाट आक्रमण, सेनाले पुऱ्यायो सैनिक अस्पताल

बाहिर नाराबाजी गरेका केही प्रदर्शनकारी निवासभित्रै छिरे । देउवा र उनकी पत्नी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई आक्रमण गरे । लछारपछार गर्दै कुटपिट गरे, धारिला हतियार प्रयोग गरे । सुरक्षामा खटिएको सेना, सशस्त्र प्रहरी र जनपदको टोलीले बाहिर चौरमा ल्याउँदा पनि आक्रमण जारी थियो । लामो प्रयासपछि सेनाले प्रदर्शनकारीबाट छुटाएर देउवादम्पतीलाई सैनिक अस्पताल पुऱ्यायो ।

प्रचण्ड र माधवलाई सिंहदरबारबाटै रेस्क्यु





प्रमुख प्रतिपक्षी दल माओवादी अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बिहान ८ बजे विपक्षी दलहरूको संयुक्त बैठकका लागि सिंहदरबार आइपुगेका थिए । माओवादी संसदीय दलको कार्यालयमा बसेको बैठकले अघिल्लो दिनको आन्दोलनको समीक्षा गर्दै प्रधानमन्त्री ओलीले राजीनामा दिनुपर्ने निष्कर्ष निकालेको थियो । प्रचण्डले बैठकबाटै देउवालाई फोन गरेर सरकार फेल भइसकेकाले तत्काल राजीनामा दिन भनेका थिए । त्यतिवेलासम्म बाहिर नेताका घरहरूमा आगजनी र तोडफोड व्यापक भइसकेको थियो । सिंहदरबारलगायत सार्वजनिक निकायमा पनि प्रदर्शनकारीले आक्रमणको तयारी गरिसकेको सूचना पाएपछि उनीहरू सतर्क भए ।

माधव नेपाललाई उद्धृत गर्दै एकीकृत समाजवादीका एक नेताका अनुसार दुवैलाई सेनाले बैठक बसेकै स्थानबाट उद्धार गरेको थियो । तर, नेपाललाई सिंहदरबारभित्रै रहेको गणमा राखियो । प्रचण्डलाई सुरुमा आर्मी हेडक्वार्टर पुऱ्याएको थियो । पछि उनलाई शीतलनिवासनजिक कतै सुरक्षित स्थानमा राखिएको नेता नेपालको ब्रिफिङ थियो । २६ भदौमा राष्ट्रपतिले गरेको 'म्याराथन' छलफलमा प्रचण्ड र नेपाल दुवै सहभागी थिए ।

■ अनि जलाउन थाले सरकारी भवन

(समाचार पृष्ठ ७)

मार्तडी-कोल्टी सडक तीन महिनादेखि अवरुद्ध



गाउँको उत्पादन बजार लैजान र आवश्यक सामान किनेर ल्याउन समस्या

(पृष्ठ ४)

सहुलियतपूर्ण कर्जाको बक्यौता तिर्न नौ अर्ब ८० करोड निकासा

पुनः अघि बढ्दै साढे दुई वर्षदेखि रोकिएको सहुलियतपूर्ण कर्जा कार्यक्रम

(पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नारायणगढ-मुग्लिन सडकमा पहिरो

६-७ सय गाडी रोकिँदा हजारौं यात्रुको बिचल्ली



धादिङमा **अर्जुन श्रेष्ठ**
नवलपरासीमा **रामकुमार श्रेष्ठ**

● नागढुंगा मुग्लिन सडक योजना (पश्चिम खण्ड)का योजना प्रमुख केदार नेपाल भन्छन्-

दसैंको मुखमा सवारीसाधनको चाप बढ्दै गएका वेला शुक्रबार साँझ साढे ६ बजेदेखि अवरुद्ध मुग्लिन-नारायणगढ सडकखण्ड शनिबार दिनभरको पहिरो खसिरहेका कारण एक्स्काभेटरले पनि निरन्तर रूपमा काम गर्न सकेको छैन । आइतबार बिहानैबाट काम सुरु गर्छौं । थप पहिरो खसेन भने आइतबार दिउँसोबाट अवरुद्ध सडक सुचारु हुन्छ ।

» पृष्ठ ७ मा क्रमशः

VOBON® WORLD CLASS OFFICE & PREMIUM FIBER CHAIR

LEAD WITH CONFIDENCE

Designed for the Corner Suit Ergonomic Masterpiece Offers Superior Support & Sophistication for the Office Overlord.

4 SERVICE WARRANTY YEARS

GOULD (Brown) VWC-9854

DREAMHOST (Black) VWC-9856 · DREAMHOST (Brown) VWC-9856 · REGATTA (Black) VWC-9845 · CHARLESTON (Beige) VWC-9863 · CHARLESTON (Black) VWC-9863 · GOULD (Black) VWC-9854

• LALITPUR Stupa Furniture 9851349388 Urban Perch 9802001777 Nepal Iron 9851030470 • KATHMANDU Vijay Furnishing 9851056139 Halesi Decor 9851216808 Shree PB Furnishing 9860294511 • SINDHULI Sabal Enterprises 9855026472 • ITAHARI Rudrakhsya Furniture 9852054856 • GAIGHAT Pokhrel & Sons 9842878820 • DHANKUTA Shree Krishna 9852050850 • NARAYANGHAT Joshi Steel 9855016042 • BARDIBAS Humagai General 9854041435 • JANAKPUR Shah Mart 9854022441 • SURKHET T.D. Decor 9858042700 • BIRTAMODE United Traders 9802773755 • NEPALGUNJ Ambey Furnishing 9858021249 Kalpataru Intl' 9868064964 • BUTWAL Home Studio 9857031113 • MAHENDRANAGAR Ugratara Trade 9851112002 • POKHARA Citizen Furniture 9856021572 • DANG Prakriti 9857832033 Benzer 9857821258 • LAHAN Subham Steel 9852830275 • HARIWON Smart Home 9854035259 • MANTHALI Shrestha Decor 9854040207 • CHAPUR Terai Traders 9851115951 • DHANGADHI Bibek 9858422256 • ATTARIYA Decoration Hub 9848427862 • BIRATNAGAR Niraula 9852083639 • HETAUDA Kamana Suppliers 9855067195 • DHADING Dhading Furnishing 984-1546823

All Seating Solutions

• Office Visitor Chair (Fixed Base) • Executive 3 Seater Sofa • Lounge Seating • Educational Chair • Premium Garden Chairs • Colorful Fiber Chairs • Montessori Pre- School Baby Chair

UQSR. Certified ISO 9001:2015 ISO 14001:2015 ISO 14001:2018 MADE IN INDIA Kedia Organisation

हमासको 'बिदाइ तस्बिर'मा विपिन

इजरायली आक्रमण बढ्दै गए सबै बन्दीको जीवन संकटमा पर्ने हमासको चेतावनी



हमासले शनिबार सार्वजनिक गरेको 'बिदाइ तस्बिर' । हमासको अल-कस्साम ब्रिगेडले बिहीबार निकालेको वक्तव्यमा थियो, 'तिमीहरूका बन्दीहरू गाजासिटीका बस्तीहरूमा फैलिएका छन् । अपरेसन विस्तारको अर्थ हो कि तिमीहरूले कुनै पनि बन्दी प्राप्त गर्नेछैनौं- न त जीवित, न त मृत । गाजा तिम्रा सैनिकहरूको चिहान हुनेछ ।'



इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डित भन्छन्-

सार्वजनिक भएको तस्बिरबारे आधिकारिक जानकारी छैन

पर्शुराम काफ्ले / नयाँ पत्रिका

इजरायलले गाजामा सैन्य कारबाही बढाएपछि हमासको सशस्त्र शाखाले शनिबार गाजामा रहेका ४८ जना बन्दीको 'बिदाइ तस्बिर' भन्दै सामूहिक फोटो सार्वजनिक गरेको छ । अलजजिरा र इजरायलका सञ्चारमाध्यमले प्रकाशन गरेको सामूहिक तस्बिरमा २३ असोज ०८० देखि हमास समूहको नियन्त्रणमा रहेका नेपाली नागरिक विपिन जोशी पनि छन् ।

अनलाइनमार्फत सार्वजनिक तस्बिरमा जीवित र मृतक बन्दीहरूको अनुहार देखाइएको छ र सबैको नाममा 'रोन अराड' लेखिएको छ । यो नाम १९८६ मा लेबनानमा हराएका इजरायली वायुसेना क्याप्टेनसँग सम्बन्धित छ । उनलाई हमासले नियन्त्रणमा लिएर मारेको मान्ने गरिन्छ ।

» पृष्ठ ७ मा क्रमशः

मार्तडी–कोल्टी सडक तीन महिनादेखि अवरुद्ध

गाउँको उत्पादन बजार लैजान र आवश्यक सामान किनेर ल्याउन समस्या



बाजुराको गौरीगंगा गाउँपालिका- ६ राजातोलीमा गएको करिब सय मिटर पहिरो पार गर्दै स्थानीय।

बाजुराका **गगन अयडी**

बाजुरा सदरमुकाम मार्तडी-कोल्टी सडकखण्ड तीन महिनादेखि अवरुद्ध हुँदा मार्तडीदेखि पूर्वी-उत्तरी भेगका नागरिकलाई दसैंमा झन् सकस भएको छ। महिनौंदेखि सडक अवरुद्ध हुँदा पूर्वी-उत्तरी क्षेत्रका नागरिकलाई गाउँको उत्पादन बजार पुऱ्याउन र आवश्य सामान किनेर ल्याउन समस्या परेको हो।

पहिरो गएका ठाउँमा जोखिमपूर्ण पैदल यात्रा गर्दै ठाउँ-ठाउँमा गाडी बदल्दै महंगो भाडा तिरेर आउजाउ गर्नु परेको छ। यो अवस्थामा मालसामान ढुवानी गर्न असम्भवजस्तै छ। मार्तडी-कोल्टी सडकखण्ड असार दोस्रो सातादेखि नै अवरुद्ध छ।

बाजुराको दोस्रो व्यापारिक केन्द्र कोल्टी र चार स्थानीय तहका नागरिक र छिमेकी जिल्ला हुम्ला, मुगु, कालीकोटवासीलाई आवतजावत गर्न र दैनिक उपभोग्य सामग्री ढुवानी गर्न सास्ती भइरहेको नागरिक समाजका अगुवाइ लालवीर सार्कीले बताए। उनका अनुसार मार्तडी-कोल्टी सडकखण्डको जिल्ली, दानचौर, रजातोली, भासुपाललगायत विभिन्न स्थानको पहिरोले ती खण्डमा सडक पूर्ण रूपमा अवरुद्ध छ। मार्तडीदेखि कोल्टीसम्म करिब ४२ किलोमिटर सडकखण्ड छ। मार्तडीदेखि चुथीसम्मको नौ किलोमिटर सडक, चुथीदेखि ढम्कनेसम्मको ६ किलोमिटर सडकमा केही काम भए पनि अरू निर्माण कार्य अलपत्र छ।

बडीमालिका नगरपालिका- ७ जिल्लीका ७० वर्षीय प्रमिले ल्यारका अनुसार मार्तडी-कोल्टी सडकखण्डको जिल्ली, रजातोली, भासुपातलमा असार दोस्रो साता आएको भीषण अविरल वर्षासँगै सडकको माथिबाट आएको पहिरोले सडक अवरुद्ध गरेको छ। सडक अवरुद्ध हुँदा आफू घरबाट सदरमुकाम मार्तडीसम्म जान नसकेको बताए। उनले तरकारी, फलफूल बिक्री गरेर आफ्नो १० जना परिवारको गुजारा चलाउँदै आएका थिए। घरदेखि एक किलोमिटर टाढा रहेको जिल्ली बजारसम्म पुऱ्याउन नसक्दा बारीमा उत्पादन गरेको तरकारी कुहिन थालेको उनले बताए।

गौरीगंगा नगरपालिका- ६ की सामाजिक अभियन्ता लक्ष्मी कुँवर बोगटीले ४२ किलोमिटर यात्राका लागि दुई हजार भाडा जिप व्यवसायीलाई तिरेको बताइन्। उनका अनुसार जिल्ली, राजातोली, भासुपातलको पहिरो पार गर्न निकै कष्टकर थियो। राजातोलीमा कम्तीमा सय मिटर लामो पहिरो गएको छ। त्यो पहिरो पार गर्न नागरिकले आफ्नो ज्यान जोमिममा राखेर जानुपर्ने अवस्था छ।

मार्तडी-कोल्टी सडकमा आवतजावत गर्ने नागरिकले जोखिमपूर्ण यात्रा गरिरहँदा पनि स्थानीय सरकार र सरोकारवाला निकायले आहिलेसम्म कुनै वास्ता नगरेको नागरिकको गुनासो छ। मार्तडी-कोल्टी सडकखण्ड बर्सेनि असारदेखि असोजसम्म करिब पाँच महिना पूर्ण रूपमा अवरुद्ध हुने गर्छ। सडकखण्ड अहिलेसम्म कालोपत्रे नहुँदा बर्सेनि समस्या हुँदै आएको छ। बडीमालिका- ७ को जिल्ली, रजातोली र ढम्कने भासुपातलमा पहिरो खसेपछि सडक अवरुद्ध छ। बाउली, रजातोली, दानसाँघुलगायत ठुला नदीमा पुल नहुँदा नागरिकले कठिनाइ भोग्दै आएका छन्। सडक सुचारु गर्न बडीमालिका नगरपालिका र पूर्वाधार विकास कार्यालयबिच सम्झौता पनि भएको थियो। सम्झौतामा नगरपालिकाको डोजरले सडकको पहिरो हटाउने र बजेट सम्बन्धित निकाय सडक पूर्वाधार कार्यालयले भुक्तानी गर्ने भनिए पनि कार्यान्वयन हुन नसकेको प्रमुख जिल्ला अधिकारी गणेशप्रशाद पौडेलले बताए।

सडक पूर्वाधार कार्यालय साफेका प्रमुख जंगबहादुर थापाले भने लगातार वर्षाले गर्दा मार्तडी-कोल्टी सडक तत्काल खुलाउन सकिने अवस्था नरहेको बताए। बडीमालिका नगरपालिका- ७ लक्ष्मी माविनजिकैको जिल्ली पहिरो निरन्तर बगिरहने भएकाले वर्षा नरोकिँदासम्म खोल्न नसकिने उनको भनाइ छ। निरन्तर पहिरो माथिबाट बगिरहने भएकाले तलबाट डोजरलाई काम गर्न कठिनाइ हुने गरेको छ। एक सातासम्म पानी पर्न बन्द भएमा खोल्ने प्रयास गर्ने पूर्वाधार विकास कार्यालय प्रमुख थापाले बताए।

■ तातोपानी नाकाको इकोमा रोकिएन पहिरो

फलफूल कुहियो, रेडिमेड सामानको आयात नै रोकियो

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

साउनको पहिलो हप्ताबाट सुरु भएको पहिरोले बन्द अरनिको राजमार्ग नखुल्दा तातोपानी नाका भएर हुने आयात प्रभावित भएको छ। दुई महिनादेखि कोदारी सडक बन्द हुँदा छिमेकी चीनबाट आयात गरिएका फलफूलजन्य सामग्री कुहिएका छन्। चाडपर्वलक्षित सामग्रीमा फलफूल आधाजसो कुहिएको र रेडिमेड सामान कपडा, जुत्ताचप्पल चिनियाँ क्षेत्रमै रोकिएका छन्।

दुई महिनादेखि बन्द कोदारी सडकको इको क्षेत्रमा सडक डिभिजन कार्यालय चरिकोटले पहिरो पन्छाउन नियमित प्रयत्न गरेको छ। तर, दैनिक हुने वर्षाले पहिरो पनि रोकिएको छैन। वर्षा नरोकिँदासम्म इको पहिरो नियन्त्रणमा आउन कठिन रहेको सडक डिभिजनले जनाएको छ। सडकमाथि पहिरो र पहिरोमाथि गाउँ भएकाले पहिरो पन्छाउन कठिन परेको हो।

इको मात्रै होइन, अविरल वर्षाले डाक्लाङ र मिनिट्रक पार्किङ क्षेत्रमा पनि पहिरोले सडक अवरुद्ध छ। लिपिडबाट भरियाले बोकेर इको पहिरो कटाएका २१ कन्टेनर फलफूल डाक्लाङ पहिरोले रोकेपछि १२ दिनदेखि रोकिएका छन्। १५ कन्टेनर फलफूल मितेरीपुल कटेर लिपिङ क्षेत्रमा रोकिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका कार्यसमिति सदस्य शारदाप्रसाद पराजुलीले बताए। 'आधाजसो फलफूल कुहिएका छन्। यो वर्ष व्यापारीको कुल लगानी नै डुबेको छ,' उनले भने। यद्यपि, चाडपर्वमा फलफूलको मूल्य नबढ्ने उनले प्रस्ट्याए।

पहिरोका कारण दुई महिनादेखि तातोपानी भन्सारको राजस्व संकलनमा गम्भीर धक्का लागेको सूचना अधिकृत रमेशबहादुर शाहले बताए। साउन र भदौमा भन्सारले राखेको लक्ष्यको ३० प्रतिशत मात्रै राजस्व उठेको उनले सुनाए। फलफूलजन्य सामग्री भरियाले बोकेर भन्सार ल्याएका हुन्। 'केही कन्टेनर रेडिमेड सामान पनि बोकेर ल्याइएको थियो। तर, पहिरोबाट हिँड्दा मानवीय क्षति हुने भएकाले अहिले रोकेका छौं,' उनले भने, 'इकोमा सडक बनाउने काम जारी छ। सायद चार-पाँच दिनपछि खुल्ला।'



सडकको अवस्थाले गर्दा दसैंअघि तातोपानी नाकाबाट सामान आयात सहज छैन। निवर्तमान भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र नवनियुक्त ऊर्जा, पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले इको पहिरो नियन्त्रण गरेर सडक खुलाउन मातहतका निकायलाई निर्देशन दिएका छन्। तर, कमजोर भूगोलका कारण सडक बनाउन सकिएको छैन।

नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले तातोपानी र रसुवाबाट दसैंअघि आयात सम्भव नभएको बताए। अहिले पनि चिनियाँ क्षेत्रमा एक हजारभन्दा बढी कन्टेनर अड्किएका छन्। नयाँ फेसनका कपडा र जुत्ताचप्पल काठमाडौं नआइपुगे पनि दसैंमा रेडिमेड सामग्रीको अभाव भने नहुने कार्कीको भनाइ छ।

तातोपानी नाका अवरुद्ध भएपछि चिनियाँ ट्रान्सपोर्ट कम्पनीहरूले खासा, न्यालम र केरुङमा रहेका सामान मुस्ताङको कोरोलाबाट नेपाल पठाएका छन्। हालसम्म कोरोलाबाट एक सयभन्दा बढी कन्टेनर सामग्री र दुई सयजति इभी गाडी नेपाल भित्रिएका छन्। कोरोलाबाट भित्रिएका सामानको मूल्यवृद्धि हुने निश्चित छ।

महाधिवेशनको विकल्प छैन, नेतृत्वले मार्गप्रशस्त गरोस् : थापा

पार्टीको पुनर्गठन र रूपान्तरणका लागि आफू साधारण सदस्य मात्रै रहन पनि तयार रहेको सन्देश

नयाँ पत्रिका

कांग्रेस महामन्त्री गगन थापाले तत्कालै कांग्रेसको नयाँ महाधिवेशन वा विशेष महाधिवेशनमा जानुपर्नेबाहेक अरू बाटो नभएको बताएका छन्। शनिबार जारी भिडियो सन्देशमा थापाले पार्टीको पुनर्गठन र रूपान्तरणका लागि आफू साधारण सदस्य मात्रै रहन पनि तयार रहेको उल्लेख गरेका छन्। पार्टी नेतृत्वले महाधिवेशनका लागि मार्गप्रशस्त गर्नुपर्ने पनि थापाले माग गरेका छन्।



विशेष महाधिवेशन नयाँ कुरा होइन। ०१२ मा सभापति सुवर्णशमशेर आफैंले राजीनामा दिएर ०१४ मा कांग्रेसको विशेष महाधिवेशन भयो, जसबाट बिपी कोइराला पार्टी सभापति बन्नुभयो।

'अब तत्कालै नियमित १५औं महाधिवेशन वा विशेष महाधिवेशन गर्नेबाहेक हामीसँग अरू बाटो छैन,' थापाले भनेका छन्, 'महाधिवेशनको दुईवटा बाटा छन्। पहिलो, नियमित १५औं अधिवेशन। विषम परिस्थितिमा पुरानो क्रियाशील सदस्यता कायम राखेर दुई महिनाका लागि नयाँ क्रियाशील सदस्यता खोलिदिने। पार्टीको सदस्य बन्न चाहने सबैलाई स्वीकार गर्ने। विधानका सबै धारा निलम्बन गर्ने र पार्टीका सदस्यहरूबाट सीधा चुनाव लडेर पार्टीको नेतृत्व वा सभापति छान्ने। यो सबैका लागि सम्मानजनक बाटो हुन सक्छ।'

यसरी महाधिवेशन नगर्ने अवस्थामा विशेष महाधिवेशनमा जानुपर्ने थापाको भनाइ छ। 'पुरानै महाधिवेशन प्रतिनिधिहरूबाट विशेष महाधिवेशन गर्ने, त्यसले नेतृत्व मात्र होइन, पार्टीको नीति, नियम, पार्टीसँग जोडिएका प्रश्नहरूको उत्तर दिने, हाम्रा गल्ती छाड्ने, नयाँ संकल्प गर्ने मौका हुन्छ। यसका लागि पार्टी सभापति र हामी केन्द्रीय समितिले छोडिदिने। विशेष महाधिवेशन गर्ने, नयाँ नेतृत्व आउने बाटो खोलिदिने। योभन्दा अरू कुनै बाटो छैन।'

थापाले सभापति शेरबहादुर देउवा उपचाररत रहेको अवस्थामा नेतृत्वको विषय उठाएकोमा भएको आलोचनाको पनि जवाफ दिएका छन्। 'हामी कोही पनि संवेदनाहीन छैनौं। सभापतिको स्वास्थ्यबारे निरन्तर जानकारी लिइरहेका छौं। अस्पतालमा भइरहेका वेला यो गर्नौं भनेको होइन। सभापतिलाई सोधेर उहाँसँग सल्लाह गरेर गर्नौं भनेको हो। अझ सभापतिलाई नै तपाईंले यो कदम चाल्नुहोस् भनेको हो,' थापाले भने।

सभापति देउवाले नमाने पनि पछि नहट्ने थापाले बताएका छन्। 'मनाउने हो फकाउने हो, तर मान्नुभएन कोही फकिनुभएन भनेदेखि हात उठाउने होइन अगाडि बढ्ने हो। त्योबाहेक हामीसँग कुनै बाटो छैन,' उनले भने, 'कतिपय साथीहरूले आफ्नाबारेमा सोचेर यो भनिरहेको छ भन्नुभएको छ, यो होइन। पार्टी पुनर्गठन र रूपान्तरणको अभियानमा लाग्दै गर्दा जस्तोसुकै मूल्य चुकाउन म तयार छु। पार्टीको साधारण सदस्य मात्रै रहेर बस्न तयार छु, भुइँमा बस्न तयार छु।'

थापाले यो आफ्नो वा पार्टीको मात्रै विषय नभएको बताएका छन्। 'किनकि यो मेरो विषय होइन। मभन्दा पार्टी छ, तर पार्टीभन्दा माथि देश छ। आज देश दनदनी जलिरहेका वेला यसलाई निभाउन सक्ने तागत हामीले राख्नुपर्छ। यो पनि बिर्सनु हुँदैन नौजवानले आगो ओकलेका छन्, यसको मर्म हामीले बुझ्नुपर्छ,' उनले भनेका छन्, 'उनीहरूले परिवर्तन खोजेका छन्। परिवर्तनको माग सम्बोधन गर्न सक्ने पार्टी भयौं भने मात्रै हामी सान्दर्भिक हुन्छौं। त्यो वेला मात्रै हाम्रो अर्थ छ, नभए हुँदैन। उनीहरूले सोचेजस्तो देश बनाउने कुरामा हामीले योगदान गर्नुपर्छ।'

थापाले पार्टीलाई यो वेला जस्ताको तस्तै राखेर टिकाउन नसकिने पनि उल्लेख गरेका छन्। महामन्त्री थापाले तत्कालै २३ भदौको दमन र २४ को घुसपैठको छानबिन गर्न माग गरेका छन्। '०४६ पछि मजस्तो राजनीतिक दलमा आबद्ध, अड्डा अदालतमा बसेका, सेना, कर्मचारी सबैको कानुनसम्मत छानबिन हुनुपर्छ। दोषीले सजाय पाउनुपर्छ,' थापाले भने।

■ क्षतिग्रस्त घर हेर्दै ओलीपत्नी शाक्यले भनिन्-

घर बनाउन सके पनि इतिहास बनाउन सकिन्न



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीकी धर्मपत्नी राधिका शाक्यले जेन-जी आन्दोलनका क्रममा आगजनी गरिएको बालकोटस्थित घरको अवलोकन गरेकी छिन्। शनिबार दिउँसो उनी बालकोट पुगेर क्षतिग्रस्त घरको अवलोकन गरेकी हुन्।

शाक्यले घर फेरि बनाउन सकिए पनि इतिहास फेरि बनाउन नसकिने बताइन्। २४ भदौमा भएको आन्दोलनका क्रममा ओलीका दुवै घर जलाइएको थियो। शाक्यले नयाँ पुस्तालाई यो घर संग्रहालयका रूपमा छाडेर जाने विचार भए पनि अब खरानी छाडेर जानुपरेको दुःखेसो गरिन्।

'मलाई यो घर व्यवस्थापन गर्न ६ महिना लाग्यो,' उनले भनिन्, 'एउटा कोठामा स्वदेशबाट प्राप्त सम्मानपत्र तथा मायाको चिनो र अर्को कोठामा चीन, कम्बोडिया, भारत, भियतनाम, जापानलगायत देशका प्रधानमन्त्रीहरूले दिएका अमूल्य सामान दराजहरूमा थिए।'

शाक्यले आगलागी भएको घरका विभिन्न कोठामा भएका सामान खरानी भएकोमा भावुक भइन्। 'यति मेरो पसिना र श्रम परेको छ नि,' उनले भनिन्, 'बालुवाटार हुँदा पनि म साता-दश दिनमा यहाँ आएर सामान मिलाउने र सफाइ गर्थें।'

एमाले अध्यक्ष ओली प्रधानमन्त्री भएपछि बालकोटस्थित निजी निवासबाट बालुवाटारस्थित सरकारी निवास सरेका थिए। जेन-जी आन्दोलनमा झापा र बालकोट दुवै ठाउँको घर जलाइएपछि ओलीदम्पती अहिले भक्तपुरको गुन्डुमा भाडाको घरमा बस्न थालेका छन्।

अस्कर अवार्ड छनोट प्रक्रिया विवादमा


अमेरिकामा हुने अस्कर अवार्डमा पठाउने चलचित्रका लागि कम समय तोकी आवेदन खुला भएकोमा छनोट प्रक्रियामाथि प्रश्न

पवन बराइली/नयाँ पत्रिका

आगामी वर्ष अमेरिकामा हुने अस्कर अवार्डका लागि नेपालबाट चलचित्र छनोट गर्ने प्रक्रिया विवादमा परेको छ। अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले सामाजिक सञ्जाल बन्दसमेत रहेको अवधिमा सामाजिक सञ्जालबाटै विगतभन्दा कम समय तोकी आवेदन खुला भएको सूचना दिएकाले छनोट प्रक्रियामाथि प्रश्न उठेको हो।

समितिले अस्कर अवार्डका लागि आवेदन खुलेको जानकारी ११ भदौमा आफ्नै फेसबुक पेजमार्फत जानकारी गराएको थियो। २० भदौसम्मका लागि आवेदनको समय तोकेको थियो। तर, १९ भदौदेखि सरकारले फेसबुकलगायत सामाजिक सञ्जाल बन्द गरिदिएको थियो। विगतमा २० दिनदेखि एक महिनासम्म आवेदन अवधि राख्ने गरिएकोमा यसपालि नौ दिन मात्रै राखिएको र त्यसमा पनि सामाजिक सञ्जाल बन्द र त्यसपछिको आन्दोलनमय विषम परिस्थितिमा गोप्य रूपमा निर्णय गरिएको भन्दै चलचित्रकर्मीले आलोचना गरेका छन्।

समितिको आवेदनअनुसार प्रतिस्पर्धाका लागि दुईवटा मात्रै नेपाली कथानक चलचित्र 'गुन्यु चोलो' (द ड्रेस) र 'अञ्जिला'को आवेदन परेको थियो। समितिले 'अञ्जिला'लाई छनोट गरेर बिहीबार (२ असोज)मा सिफारिस गरेको थियो। दुई चलचित्रको प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रहरूको विश्लेषण र कलात्मक शिल्पलाई उत्कृष्ट ठहरेर नेपाली महिला खेलाडी एन्जिला तुम्बापो सुब्बाको जीवन कथामा आधारित 'अञ्जिला'लाई छनोट गरेको दाबीसहित समितिले विज्ञप्तिमार्फत नै सार्वजनिक गरेको थियो।



अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले अस्करका लागि छनोट गरेको चलचित्र एन्जिला

● **विमल पौडेल**, अध्यक्ष, छनोट समिति



हामीले गरेको छनोट प्रक्रिया गलत होइन। सामाजिक सञ्जाल बन्ददेखि जेन-जी आन्दोलनजस्ता देशको अवस्थाले गर्दा समस्या भएको हो। हामी तत्कालै फेरि पाँचदेखि सात दिनसम्मका लागि आवेदन खुलाई अन्य चलचित्रलाई पनि समेटेर निर्णय लिने तयारीमा लागेका छौं।

● **समुद्र भट्ट**, निर्देशक



जुन फिल्म गए पनि हामीलाई आपत्ति छैन। एन्जिला गए पनि नेपालले प्रतिनिधित्व गर्ने हो। तर, यो छनोट न्यायसंगत भएन। जुन फिल्मका मिडिया संयोजक अस्कर छनोटको जुरी छन्, उसैलाई छनोट गर्न मिल्छ ? अहिलेका छनोट समितिमा कोही पनी बस्नलायक छैनन्, यो खारेज हुनैपर्छ।

यसअघि २०१८ देखि २०२३ सम्म छनोट समितिमै सदस्यसमेत रहेकाचलचित्र समीक्षक समाज नेपालका अध्यक्ष समीप्यराज तिमिल्सिना आवेदनका लागि समय नै छोटो भएको बताउँछन्। 'विगतमा छनोट समितिमा सदस्य रहेर काम गरेको अनुभवका आधारमा म भन्न सक्नु कि यसपालि आवेदनको समय नै निकै कम भयो। विगतमा कम्तीमा पनि २० दिन समय दिइन्थ्यो, तर यसपालि नौ दिन मात्रै दिइएको रहेछ,' उनले भने, 'विगतमा सम्भावित फिल्म निर्माताहरू आवेदन दिन आएनन् भने उनीहरूलाई फोन नै गरेर पनि जानकारी गराइन्थ्यो। अहिले यस्तो नभएको गुनासो धेरैको छ।'

त्यस्तै, अवार्डका लागि सिफारिसमा परेको फिल्मको मिडिया कोअर्डिनेटर नै सिफारिस समितिमा सदस्य रहनु, अर्का सदस्य अमेरिकामा रहेर यहाँको निर्णय प्रक्रियामा जोडिनुले पनि विवाद निम्तिएको तिमिल्सिनाको बुझाइ छ। 'छनोट समिति बनाउँदा स्वार्थको द्वन्द्व बाझिने व्यक्तिलाई राख्न हुँदैन। तर, अहिले एन्जिला फिल्मको मिडिया कोअर्डिनेटर जीवन पराजुलीलाई नै समितिमा सदस्य राखिएको छ। यो गलत भयो,' उनले भने, 'त्यस्तै, अर्का सदस्य चिरञ्जीवी गुरागाईले अमेरिकामा बसेर निर्णय लिएको देखियो। यो मिल्दो काम देखिएन। फिल्म नै नहेरी अमेरिकामा बसेर निर्णय गर्न कसरी मिल्छ ?'

चलचित्र निर्देशक नवीन सुब्बा पनि छनोट समितिले देशको प्रतिनिधित्व गर्ने चलचित्रलाई उत्प्रेरित गर्न नसकेको बताउँछन्। यसले विश्वमञ्चमा नेपालको विश्वासनीयता गुम्ने चुनौती बढेको उनको चिन्ता छ। 'अस्करले जुन प्रकारको सिनेमालाई प्राथमिकतामा राख्छ, समितिले त्यस्ता सिनेमालाई प्रतिनिधित्व गर्न उत्प्रेरित गर्नुपर्थ्यो। तर, त्यसरी छनोट भएको देखिएन,' उनले भने।

आवेदन दिएर छनोटमा नपरेको 'गुन्यु चोलो'का निर्देशक समुद्र भट्ट मात्र होइन, आवेदन प्रक्रियामै छुटेका 'राजागञ्ज'का निर्देशक दीपक रौनियार र 'भुठान'का निर्देशक विनोद पौडेलले पनि प्रश्न उठाएका छन्। 'राजागञ्ज' र 'भुठान' ओस्कारका लागि नेपालबाट दाबेदार मानिएका फिल्म हुन्। 'गुन्यु चोलो' टिमले त पत्रकार सम्मेलन नै गरेर समितिको निर्णयमाथि प्रश्न उठाएको छ। यो फिल्म अभिनेता नाजिर हुसेनले छनोट समितिको सदस्य आबद्ध रहेकै फिल्म छनोट भएकोदेखि एक सदस्य अमेरिकामा बसेर निर्णयलाई सदर गरेको भन्दै आपत्ति जनाएका छन्।

Palungtar Municipality
Office of the Municipal Executive
Palungtar Gorkha

Invitation For Bids

Date of First Publication: A.D. 2025/09/21(B.S 2082/06/05)

1.Palungtar Municipality invites sealed bids from domestic bidders for the construction works enlisted below.
2.Name and identification of the contract are as follows.

S.N.	Contract ID	Name of the project	Minimum AACT of best 3 F/Y within last 10 F/Y s (NRs)	Minimum work Experience in similar size and nature (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)
1.	PMUN/NCB/ WORKS/2082/83-16	Upgrading Works of Luintel Ooprik kalamata Road Project Palungtar-04 & 06, Gorkha.	75000000.00	35000000.00	1650000.00	120	5000.00
2.	PMUN/NCB/ WORKS/2082/83-17	Construction of BlackTop Works of Biruwataar Kamdhenu GaiFarm Road Project, Palungtar -07,Gorkha	42500000.00	13300000.00	950000.00	120	5000.00

3.Purchase, Submission and Opening.

SN	Purchase of Bid (Last Date/Time)		Submission of Bid		Opening of Bid		Remarks/Contract Identification Number
	Date	Time	Date	Time	Date	Time	
1.	29/10/2025	12:00	29/10/2025	12:00	29/10/2025	13:00	PMUN/NCB/WORKS/2082/83-16&17
Name of Office		Bank		Deposit Account No: (Bid Security Amount)			Revenue Account No: (Bid Document Fee)
Palungtar Municipality, Palungtar, Gorkha		Agriculture Development Bank Ltd, Palungtar, Gorkha		0317700959532017			0317700959532025

4.Bidder's Shall have the option of submitting their bid electronically only from PPMO's web site www.bolpatra.gov.np/egp.
5.Eligible bidders may refer Palungtar municipality or PPMO's website www.bolpatra.gov.np/egp for further information.

Chief Administrative Officer

सेवाग्राही कक्ष व्यवस्था गर्न सरकारी कार्यालयहरूलाई निर्देशन

काठमाडौं/ सरकारले सेवाग्राही कक्ष व्यवस्था गरी गुनासो सम्बोधन गर्न सरकारी कार्यालय तथा निकायहरूलाई निर्देशन दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले शनिबार नागरिकहरूलाई प्रवाह गर्ने सेवालाई प्रभावकारी बनाउन हटलाइन नम्बरसमेत राखेर गुनासो सुनुवाइ गर्न निर्देशन दिएको हो। गत बिहीबारको मुख्यसचिवस्तरीय निर्णयबाट सबै मन्त्रालयहरूलाई यसबारे पत्राचार गरिएको छ। प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्यालय तथा निकायलाई लक्षित गरेर यससम्बन्धी निर्णय गरिएको छ। सेवाग्राहीहरूलाई उपलब्ध गराउने सेवा झन्झटरहित, छिटो र छरितो तरिकाले प्रवाह गर्नेगरी उपयुक्त र विनम्र कर्मचारी सहितको सेवाग्राही सहजीकरण कक्षको व्यवस्था गर्न निर्देशन दिइएको छ।

सेवा प्रदायक कार्यालय तथा निकायमा कुनै पनि काममा ढिलासुस्ती, मोलमोलाहिजा, काम पन्छाउने, घूस रिसवत माग्ने, अनावश्यक दुःख हैरानी दिने, सेवाग्राहीसँग अपमानजनक व्यवहार गर्ने जस्ता कार्य भएमा तत्काल सम्पर्क गरी सेवाग्राहीको गुनासो सम्बोधन गर्न हरेक मन्त्रालय र निकायले हटलाइन नम्बरको व्यवस्था गरी गुनासो सुनुवाईको व्यवस्था गर्नुपर्ने पनि प्रधानमन्त्री कार्यालयको निर्देशन छ। उक्त हटलाइन नम्बर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत जानकारी गराउन भनिएको छ। प्रदेश सरकार र स्थानीय सरकारले पनि यसैबमोजिमको व्यवस्था गर्न अनुरोध गरिएको छ।

जेन-जी आन्दोलन र अबको बाटो

जेन-जीहरूको आन्दोलनका कारण उत्पन्न अहिलेको परिस्थितिबाट पार पाउन पुराना राजनीतिक दल र तिनका नेतृत्व नसच्चिई हुँदैहुन्न



● प्रा. कृष्ण पोखरेल

अग्रलेख

एक जुगमा एक दिन एकचोटि आउँछ
उलटपुलट उथलपुथल, हेरफेर त्याउँछ

गोपालप्रसाद रिमालको विद्रोही चेतको यो कालजयी कविता नेपालको सन्दर्भमा यही २३ र २४ भदौमा चरितार्थ भयो ।

२२ भदौका दिन बाँचुन्जेल पार्टी अध्यक्ष भइरहने अवस्था बनाएका वेला विजय-उन्मादमा 'झोलेहरूका राजनेता' एवं मुलुकका प्रधानमन्त्री केपी ओलीले विधान महाधिवेशनको समापन समारोहमा आफूले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध र मुलुकमा व्याप्त भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताले भोलिपल्ट गर्ने भएको आन्दोलनलक्षित सम्बोधनलाई यहाँ दोहोऱ्याऊँ । उनले भनेका थिए, 'जेन-जी पुस्तालाई पिर पऱ्यो रे, राम्रो लागेन रे ! जेन-जी पुस्ता कुनै ठगीखाने भाँडो हो ? ...त्यसको नाम लिएर जे पनि गर्न पाइन्छ ? ...सुन्दै छु, भोलितिर जेन-जी पुस्ताको विद्रोह रे !' राज्य-दोहनको रसास्वादनमा लिप्त र परम 'हब्रिस' नेताबाट यसभन्दा बढी अरू के नै अपेक्षा गर्न सकिन्थ्यो र ?

आन्दोलनको गलत आकलन : जेन-जी आन्दोलनलाई हियाएर कम आँक्नु र त्यसको व्यवस्थापनमा हुनुपर्ने जति सुरक्षा तयारी नहुनु नै यो 'डिजास्टर'को प्रमुख कारण थियो । टिभीमा आन्दोलनको 'आँखों देखा हाल' हेर्दा प्रस्ट के बुझिन्थ्यो भने सुरक्षा निकायले १५ चैतको राजावादीको आन्दोलनको व्यवस्थापनको भन्दा अत्यन्त निम्छरो तयारी गरेका थिए । जब शान्तिपूर्ण आन्दोलन ब्यारिकेड तोडेर संसद् भवनपरिसरमा पस्यो अनि अत्तालिएका सुरक्षाबलले एक्कासि दमनमा सबै उपाय एकैपल्ट प्रयोग गरे । परिणामस्वरूप नेपालको इतिहासमा कुनै पनि आन्दोलनमा एकै दिन भएको हताहतीको सबै सीमा पार गऱ्यो र उन्नाइस होनहार युवाले एकै दिन, एकै छिन र एकै स्थलमा सहादत प्राप्त गरे ।

यति भइसकेपछि पनि यदि त्यही साँझ प्रधानमन्त्रीले यसको नैतिक जिम्मेवारी लिएर राजीनामा गर्ने सदासयता देखाएका भए सम्भवतः भदौ २४ को विध्वंस मच्चिने थिएन र थप जनधनको क्षति हुने थिएन । र, राज्यका तीनै अंग 'छानाविहीन' हुने थिएनन् । तर, उनी आफ्नो त के कुरा गृहमन्त्रीलाई पनि राजीनामा दिनबाट रोक्दै थिए । ताज्जुबको कुरा के थियो भने उनी त्यही साँझ बसेको क्याबिनेट बैठकमा सुरक्षा निकायले गोली चलाएको मान्नसमेत तयार थिएनन् । उनी सिनामंगलतिरबाट आएका अज्ञात समूहको गोलीले यो विध्वंस भएको 'ब्रिफिङ गर्दै थिए । उनको बस चल्थ्यो भने केही महिनाअघि भिजिट भिसामा जानेहरूसँग दैनिक लाखौँको अवैध असुली धन्दालाई लिएर विपक्षीले संसद्मा गृहमन्त्रीको राजीनामा माग गर्दा कर्मचारीले घुस खाँदा मन्त्रीको राजीनामा माग्ने ? भनेर प्रधानमन्त्री च्याँठ्ठिएझैँ यहाँ पनि सुरक्षा फौजले गोली हान्ने अनि गृहमन्त्री र मैले राजीनामा दिनुपर्ने ? भनेर च्याँठ्ठिन्थे होला । नैतिक जिम्मेवारीको महत्त्व र मूल्य बुझ्ने न उनको समझ देखियो, न हिम्मत नै । समझ हुँदो हो त आन्दोलनको अघिल्लो दिन जेन-जी आन्दोलनलाई त्यसरी उडाउनुको सट्टा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने थिए । त्यसो गरेका भए न राज्य-निर्देशित यस्तो बर्बर जनसंहार हुन्थ्यो, न मुलुकभरि सार्वजनिक सम्पत्ति, न राज्यदोहनबाट ठड्याइएका नेताका महल, न व्यावसायिक घरानाका सम्पत्ति यसरी 'धुँ धुँ' गरेर जल्ने थिए ।

कहाँ भयो चुक ? : अघिल्लै दिनको जनसंहारमा युवाको रगतले हात रँगिएको नेपाल प्रहरीको मनोबल भोलिपल्ट यति गिरेको थियो कि उसले आफ्नो त रक्षा गर्न सकेन भने उसबाट सार्वजनिक सम्पत्तिको रक्षाको अपेक्षा गर्नु मूर्खता थियो । जस्तो कि चुहिएर आएको सूचनाले के भन्छ भने भोलिपल्ट पनि प्रधानमन्त्री ओली त्यसवेला मात्र राजीनामा गर्न तयार भए, जब भिड बालुवाटारको गेटमा आयो र चारैवटा सुरक्षा निकायका प्रमुखले तपाईंले अब पनि राजीनामा नगर्ने हो भने हामी तपाईंको सुरक्षा गर्न सक्दैनौँ भने । उनको राजीनामा र उद्धार सँगसँगै भयो र सेना बाँकी नेता र मन्त्रीको उद्धारमा जुट्यो ।

वास्तवमा अघिल्लै दिन भएको ज्यातदीबाट जनतामा उठेको स्वाभाविक आक्रोश र त्यसमा मिसिएको 'राउडी'हरूको हिंसात्मक कृत्यको रोकथाम गर्न नेपाल प्रहरीले नसकेको अवस्थामा यदि राति १० बजेको सट्टा दिउँसै नेपाली सेना सडकमा ओर्लेको भए यतिविधि जनधनको क्षति हुने थिएन, तर त्यसो हुन सकेन । त्यसमा नेपाली सेनाभित्रको आन्तरिक 'डाइनामिक्स' के थियो ? त्यो अहिले नै थाहा नभए पनि समयक्रममा खुल्दै जाला । तर, जे नहुनुपर्ने थियो, त्यो भयो । यतिवेला आएर अब यसो गरेको भए हुन्थ्यो वा उसो गरेको भए हुन्थ्यो भन्नुको कुनै तुक छैन ।

हल्लाको गरम बजार : प्रधानमन्त्री ओलीको राजीनामा र राष्ट्रपति रामचन्द्र पौडेलको सार्वजनिक वक्तव्य नआउन्जेलको अवधिमा नेपाली राजनीतिमा हल्लाको बजार अत्यन्त गरम रह्यो । ठाउँ कुठाउँबाट हल्लाका अनेक पकवान पकाइए र पस्किए पनि । जस्तो कि जेन-जीहरू त मोहरा मात्र हुन्, यसको पछाडि सिआइएको हात छ, भारतको हात छ, राजावादीहरू छन्, नेपाली सेना छ आदि,



आदि । यसो हुनुको एउटा कारण स्वयं जेन-जीहरूको असंगठित अवस्था र तिनको राजनीतिक केटौलेपन त जिम्मेवार थियो नै, साथमा षड्यन्त्रको सिद्धान्त पकाउन खप्पिस नेपालीको मनोविज्ञान पनि जिम्मेवार थियो । अझ, प्रधानमन्त्रीको राजीनामापछि तत्काल राष्ट्रपतिको जुन स्वाभाविक 'जेस्चर' हुनुपर्थ्यो, त्यो भएन । यसले उनी पनि सेनाको कब्जामा छन्, उनलाई पनि सेनाले राजीनामा गर्न दवाब दियो, सेना कु गर्न चाहन्छ, सेना राजालाई फर्काउन चाहन्छ जस्ता अनर्गल हल्लाले जनमानसको दिमाग भुटियो ।

> संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था र ०४६ सालयता राजकीय जिम्मेवारीमा पुगेका नेता तथा प्रशासकले गरेको राज्यदोहनको छानबिनको मुद्दा नयाँ जनादेशबाट गठन हुने सरकारको जिम्मा दिनु व्यावहारिक हुन्छ

तर, यो स्तम्भकारको स्पष्ट मान्यता के थियो भने नेपाली सेना पूर्णतः व्यावसायिक छ, उसमा पाकिस्तान वा बंगलादेशका सेनाजस्तो राजनीतिमा रुचि छैन । उसको तत्काल जसको हातमा शक्ति छ, उसकै कमान्डमा रहने र मुलुकको अधिकतम हितमा काम गर्न सदा सर्वदा तत्पर रहने 'ट्र्याक रेकर्ड' छ । यसको ज्वलन्त दृष्टान्त सात सालअघि र पछि अनि त्यस्तै त्रिसठ्ठी सालअघि र पछिका उसको भूमिका नै हो ।

आक्षेप र यथार्थ : अन्योल र आशंकाको माहोल चिर्दै जब पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले राष्ट्रपतिको हातबाट प्रधानमन्त्रीको शपथ लिइन्, नेपाली जनताले नागरिक सरकार पाएकोमा राहतको सास फेरे, भलै त्यसका लागि जेन-जी आन्दोलनकारीको मागबमोजिम प्रतिनिधिसभाको विघटन भई नयाँ जनादेशका लागि अर्को आमनिर्वाचन हुने घोषणा भएको किन न होस् ? राजनीतिक आन्दोलन वा विद्रोह संविधानको धारा हेरेर हुँदैन, न त त्यो राजनीतिशास्त्रको सिद्धान्त पढेर हुन्छ । वस्तुतः त्यसैले संविधानको पुनर्लेखन गर्छ र नयाँ सिद्धान्तको भावभूमि तयार गर्छ । तर, यो यथार्थबाट मुख मोडेर भनौँ या बुझ पचाएर, जब सात राजनीतिक दलका प्रमुख सचेतक र एक दलका अध्यक्षले संयुक्त अपीलमार्फत राष्ट्रपतिमाथि संविधान उल्लंघनको आरोप लगाए र विघटित प्रतिनिधिसभाको बैठक बोलाएर संसद्बाटै जेन-जीका माग सम्बोधन गर्ने तर्क गरे अनि त्यसको प्रत्युत्तरमा राष्ट्रपतिले मुख खोल्नुपऱ्यो ।

आफ्नो अपिलमा उनी देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् यो शान्तिपूर्ण निकास निस्किएको बताउँछन् । उनी थप भन्छन्- संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । तसर्थ, बडो जुक्तिले प्राप्त यो अवसरको सदुपयोग गर्दै आगामी २१ फागुनमा हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न सबै पक्षलाई हार्दिक अपिल गर्छु । जनआक्रोशबाट बच्न सेनाको सहायतामा सैनिक ब्यारेकमा बस्न विवश यी दलका प्रमुख नेताका अनुचरको फतुरलाई योभन्दा यथार्थपरक र मार्मिक जवाफ अरू के हुन सक्छ ?

जेन-जीहरूको नयाँ प्रयोग : यसपटकको आन्दोलन र त्यसयता प्रधानमन्त्री तथा मन्त्री चयनमा जेन-जीहरूले नितान्त नयाँ प्रयोग गरेका छन् । सोसल मिडियामा समूह बनाएर अजेन्डा तय, आन्दोलनको आह्वान एवं सञ्चालन र त्यसैका माध्यमबाट मतदान गरेर प्रधानमन्त्री र मन्त्रीको चयन यो समकालीन राजनीतिमा उनीहरूले प्रयोग गरेको अत्यन्त भिन्न तौरतरिका हो । आगामी दिनमा पनि यही विधि प्रयोग गरेर उनीहरूले संगठन बनाए र आगामी निर्वाचनमा यसको प्रयोग गरे भने नेपाली राजनीतिको धारा नै बदलिने अवस्था देखिन्छ ।

तत्काल गर्नुपर्ने काम : तत्काल गर्नुपर्ने कामको सूची नै बनाउने हो भने त्यो लामो हुन सक्ला । तर, मेरो विचारमा आन्दोलनको दमनमा भएको अत्यधिक बल प्रयोग र अर्को दिन भएको जनधनको ध्वंसको छानबिन गरी वास्तविक दोषीलाई न्यायको कठघरामा उभ्याउन उच्चस्तरीय न्यायिक छानबिन समिति बनाउनु नै प्रमुख काम हुनुपर्छ । गोली चलाउनेलाई भन्दा गोली चलाउन आदेश दिने राजनीतिक नेतृत्वलाई कानुनको कठघरामा उभ्याउन सक्नुपर्छ, ताकि आगामी दिनमा कुनै सनकी शासकले मुलुकमा यस्तो वितण्डा मच्चाउन नसकोस् ।

हुन त संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था र २०४६ सालयता राजकीय जिम्मेवारीमा पुगेका नेता तथा प्रशासकले गरेको राज्यदोहनको छानबिनको मुद्दा पनि जोडदार रूपमा उठेको छ । तर, यी काम नयाँ जनादेशबाट गठन भएको सरकारको जिम्मा दिनु व्यावहारिक हुन्छ । होइन भने आमनिर्वाचनको कार्यसूचीबाट यो सरकारको ध्यान अन्यत्र मोडिने खतरा रहन्छ र अस्थिरतामा खेल्न रुचाउने शक्तिको अभीष्ट पूरा हुने अवस्था आउँछ ।

दलहरूको नसच्चिने लक्षण : केही वर्षदेखि नै नेपाली राजनीतिमा जोडतोडले उठिरहेको मुद्दा भनेको प्रमुख राजनीतिक दलमा पुस्तान्तरण र रुपान्तरणको मुद्दा हो । हिजो त्यो भएन । तर, जेन-जीको आन्दोलनका कारण उत्पन्न यो परिस्थितिबाट पार पाउन यी राजनीतिक दल नसच्चिई हुँदै हुन्न । नेतृत्वमा गजघम्म भई बसेका दलका मठाधीशले नेतृत्व परित्याग गर्ने कुनै छाँट त देखाएनन् नै । ताज्जुबको कुरा त के भने ती दलका युवापुस्ताले पनि संगठित रूपमा नेतृत्व दाबी गर्ने आँट गरेनन् ।

यो विरक्तलाग्दो अवस्थामा ती दलका मठाधीशलाई 'झट्का उपचार' दिने अभिभारा पनि यिनै जेन-जी पुस्ताका युवा मतदाताको हो । समयमै निर्वाचन भयो भने ताजा जनादेशको प्रतिनिधिसभा नै अबको आशाको केन्द्र हो । छिटो चुस्त सरकार बनाएर समयमै निर्वाचनमा होमिनु नै यो सरकार र जेन-जी युवाको मकसद हुनुपर्छ । यिनलाई अब असफल हुने र अल्मलिने छुट छैन ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **विजयकान्त कर्ण**लाई



● जेन-जी आन्दोलनपछि पुराना दल रूपान्तरित हुने सम्भावना कति देख्नुहुन्छ ?

अहिलेसम्म दलका नेतृत्वको रबैया या चालामाला हेर्दा कुनै पनि दल र तिनको नेतृत्व रूपान्तरित हुने सम्भावना कत्ति पनि देखिन्न । दलहरूको नेतृत्वले बाँचुन्जेल पद, विचार र आचरण छाड्दै नछाडेपछि कसरी होला रूपान्तरण ? नेतृत्वको जीवन पद्धति नै भ्रष्ट छ । उनीहरूको नीति र व्यवहारमा तानासाहीपन झल्किन्छ । उनीहरू पार्टी र सत्ता दुवैतिर अधिनायकवादी देखिन्छन् । उनीहरूले पार्टी र सत्ताको नेतृत्वमार्फत कानुन र मिडियामाथि कब्जा गरेर आफूलाई निष्कण्टक बनाउने चेष्टा गर्छन् । नयाँदेखि पुराना दलहरूको नेतृत्व आफू सुध्रिँदैनन्, आफूबाहेक कोही पनि पार्टी या देशको सत्तामा पुगेको देख्न सक्दैनन् । अनि यस्तो अवस्थामा कसरी र कुनचाहिँ दलमा सम्भव हुन्छ रुपान्तरण ?

● दलहरूको नेतृत्व रूपान्तरणमा किन यतिबिघ्न सकस भएको होला ?

पार्टी नेतृत्वमा पुगेपछि नेताहरूले पार्टी होइन, गुट चलाउन थाल्छन् । केन्द्रीय समितिदेखि पार्टीका जनवर्गीय संगठनसम्म सर्वत्र नेताले आफ्नो गुट बनाउँछन् । नेतृत्वले जे बोले पनि या जे गरे पनि मौन रहेर सहमति जनाउने र थपडी बजाउने अन्धभक्तहरूको गुटको साथ र समर्थन पाएपछि नेतृत्वले किन छाड्ने ? फेरि पार्टी सत्ताबाट बाहिरिनासाथ आफूमाथि विगतमा गरेका गल्तीको छानबिन गरी कानुनी कठघरामा उभ्याइएला भन्ने भयबाट आक्रान्त भएकाले पनि रुपान्तरण हुन नेतृत्वलाई सकस भएको हो ।

● दलहरूमा दोस्रो या तेस्रो पुस्ता भनिने नेताहरूले यतिखेर के गर्नुपर्ला ?

नेतृत्वले छाडिदियो भने आफूहरू अनाथ या टुहुरो हुने मनोविज्ञानबाट ग्रस्त दोस्रो र तेस्रो पुस्ताका नेतामा नेतृत्वलाई छाड भन्ने र नेतृत्वमा दाबी गर्ने नैतिक साहस नै छैन । सबैमा भोलि खान नपाइएला भन्ने चिन्ता मात्र छ । नेतृत्वको गुलामी गर्ने गुलाम मानसिकता बोकेका दोस्रो या तेस्रो पुस्ताबाट ठुलो अपेक्षा गर्न सकिने अवस्था अहिलेसम्म देखिएको छैन ।

प्रेरक प्रसंग

रोटी कसको ?

स्वामी दयानन्द सरस्वती समाजका कुरीति हटाउने अभियानका अभियन्ता थिए । उनी उतिखेरै सामाजिक भेदभाव मान्दैनथे । उनलाई कुन जात ठुलो, कुन जात सानो भन्ने चासो थिएन । उनी सबैलाई समान दृष्टिले हेर्ने गर्थे । उनका एक शिष्य नाई थिए । एकपटक तिनै शिष्यले स्वामी दयानन्दका लागि आफ्नो घरबाट खाना लिएर आए । आफ्ना ती शिष्यले ल्याएको त्यो खाना स्वामी दयानन्दले बडो स्वाद मानेर खाए ।

उनका अर्का एकजना शिष्यले यो सब घटना हेरिरहेका थिए । उनलाई त्यसरी स्वामीजीले नाईको हातको खाना खाएको मन परेको थिएन । खानपिनपछि ती नाई शिष्य गइसकेपछि उनले स्वामी दयानन्दसँग गुनासो गरे । उनले भने, 'स्वामीजी, तपाईले यो के गर्नुभएको ? तपाईंलाई कुन जात ठुलो, कुन जात सानो भन्ने पनि ज्ञान छैन ? कुन जातले छोएको खान हुन्छ र कुन जातले छोएको खान हुँदैन भन्ने पनि तपाईंले भेउ पाउनुभएको छैन ? हेर्नुस् त आज तपाईंले एउटा नाईको रोटी खानुभयो ।'

आफ्ना शिष्यका यस्ता अबुझ कुरा सुनेर स्वामी दयानन्द जोडजोडले हाँस्न थाले । त्यो देखेर ती शिष्यले भने, 'स्वामीजी, क्षमा गर्नुस् । यदि मबाट कुनै धृष्टता भएको भए । तर, मैले त्यस्तो गलत केही बोलेकोजस्तो त लाग्दैन ।' स्वामी दयानन्दले भने, 'वत्स, रोटी त गहुँको थियो, नाईको होइन । अनि गहुँको रोटी खान किन नहुने ?' दयानन्दको जवाफ सुनेर ती शिष्य निरुत्तर भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सच्चिनुपर्दैन दलहरू ?



यतिखेर दलहरू पुरानै नेतृत्वलाई थपना गरेर यथास्थितिमै जनतासामु जाने या जेन-जी आन्दोलनको मागअनुरूप दलहरूमा पनि रुपान्तरण गरेर नयाँ नेतृत्वसाथ जेन-जी पुस्ताको मागसमेत समेटेर जाने भन्ने विषयमा माथापच्ची भइरहेको देखिन्छ । तर, दलहरूमा यतिखेर नेतृत्व परिवर्तन भएर मात्र पुग्दैन, त्यससँगै उसका विचार देश निर्माणको खाका प्रस्ट हुनुपर्छ । दलका नेतृत्व आफूलाई सुधार्न चाहेनन् भने ती डाइनोसरजस्तै लोप हुन बेर छैन ।

● **सुविधा पुलामी**, बाफल, काठमाडौं

कमजोरीको आत्मालोचना गरेर मात्र भयो त ? भ्रष्टाचार गरी कमाएको सम्पत्ति राष्ट्रिय ढुकुटीमा जम्मा गरे पो वास्तविक रूपमा सुध्रिएको ठहरिएला त !

● **कृष्ण लोहनी**

स्कुल र कलेजको पोसाकमा बालबालिका सहिद भएर गरेको क्रान्तिको के औचित्य भयो र खोइ ? न भ्रष्टाचारीलाई जेल, न हत्यारालाई कारबाही, उही हात्ती आयो हात्ती आयो फुस्सा भनेझैँ हुने त होइन, यो परिवर्तन ?

● **सुकलाल वाइबा**

यिनको उद्देश्य राज्यकोषबाट लुट मच्चाउनेभन्दा अर्को छैन । देखाउन त्यो संविधान भन्ने एउटा कागजको खोस्टा छ, जुन यिनीहरूको व्यवहारमा कहिल्यै लागू हुँदैन ।

● **रमेश धमला**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

'गुड फर नथिङ' होइनौँ हामी

विश्वका सम्पूर्ण पुस्तामध्ये सबैभन्दा अल्लारे, मोबाइल र सामाजिक सञ्जालमै अल्झिने भनेर आलोचना पाएको पुस्ता जेन-जीले नेपालमा परिवर्तनको संवाहक बनेर इतिहास रचिदिएको छ । जसलाई संसारले 'गुड फर नथिङ' भन्दै हेप्थ्यो, सोही पुस्ताले २३ र २४ भदौमा भ्रष्टाचारविरोधी नाराका साथ स्वस्फूर्त रूपमा सडकमा उत्रिएर आफ्नो प्राणसमेत उत्सर्ग गऱ्यो । उनीहरूको बलिदानले केवल आन्दोलनलाई अघि मात्र बढाएन, सत्ता नै उल्ट्याएर नेपाली जनताको मनमा परिवर्तनको नयाँ आशा जगाएको छ ।

जेन-जीको यो आन्दोलन आकस्मिक भावनाको विस्फोट मात्रै थिएन, यो एउटा सोच, दृष्टि र आदर्शको प्रतिबिम्ब थियो । इन्टरनेट र सामाजिक सञ्जालसँग हुर्किएको यो पुस्ता केवल रमाइलो गर्ने, कुराकुरामा गुनासो गर्ने र प्रश्न गर्ने मात्र होइन, असफल प्रणालीलाई बदल्ने सामर्थ्य पनि राख्छ भन्ने यसले प्रमाणित गरेको छ । यस आन्दोलनले देखाइदियो कि जेन-जीको आदर्श पारदर्शिता, जवाफदेहिता र सुशासन हो । भ्रष्टाचारविरुद्धको आवाज, स्वतन्त्रताप्रतिको आग्रह र भविष्य निर्माणप्रतिको आकांक्षा यस पुस्ताको मूल शक्ति हो । आज नेपाली सडकमा देखिएको यो जागरण केवल नेपालकै लागि मात्र होइन, विश्वकै लागि पनि प्रेरणादायी बनेको छ । जेनजीले प्रमाणित गरिसकेको छ कि समयले तिनलाई 'अल्लारे' भनेर व्याख्या गरे पनि, यिनै युवा राष्ट्रलाई नयाँ दिशा दिन सक्ने क्षमताका धनी छन् ।

जेन्जीको आन्दोलनले नेपालमा एउटा परिवर्तनको लहर ल्याएको छ, नेपाली जनता आशाले भरिएका छन् । आन्दोलनका क्रममा भौतिक संरचना नष्ट हुँदा देखिने निराशाभन्दा आउने परिवर्तनका लागि नेपाली जनता आशान्वित देखिन्छन् । अब परिवर्तनको संवाहक जेन-जीले जनतालाई अनुभूति हुने गरी शासनसत्ता र मुलुकको समृद्धिमा परिवर्तन गरेर देखानुपर्छ ।

● **प्रत्युषकुमार झा**
वीरगन्ज पब्लिक कलेज, वीरगन्ज, पर्सा

प्रहरीको कमान्ड हेडक्वार्टरमा फर्काउने अवसर

अहिलेको संकट प्रहरीका लागि चेन अफ कमान्ड हेडक्वार्टरमा फर्काउने र आइजिपीलाई साँच्चै कमान्डर बनाउने मौका हो



● नवराज मैनाली

हरेक आन्दोलनमा सरकारको अक्षमता र कुशासनको असन्तोष प्रहरीमाथि पोखिन्छ । जेन-जीको भ्रष्टाचारविरोधी प्रदर्शनमा पनि आन्दोलनकारीको पहिलो निसानामा प्रहरी नै परे । २४ भदौको 'विद्रोह' अघिल्लो दिन प्रहरीले गोली हानेको आक्रोश मात्र थिएन, सिंगो राज्यप्रति जनताको आक्रोश एकैपटक पोखिएको थियो, जसले एकैदिनमा झन्डै दुईतिहाइको सत्ता पल्टाईदियो ।

आन्दोलनले नेपाल प्रहरीको भिड नियन्त्रणको शैली र क्षमता उदांगो पारिदियो । प्रहरीहरू आफैँ हतियार छाडेर ज्यान जोगाउनतर्फ लागेपछि देश राज्यविहीनताको अवस्थामा पुग्यो । उपत्यकाका अधिकांश प्रहरी कार्यालय त क्षतिग्रस्त भए नै आफ्नो प्रधान कार्यालय जोगाउनसमेत प्रहरीले सयौँ राउन्ड हवाई फायर गर्नुपर्ने अवस्था आयो । इतिहासकै यो कठिन मोडबाट अघि बढ्न प्रहरीलाई त्यति सहज छैन ।

अब प्रहरीको मनोबल उकास्न धेरै मिहिनेतको खाँचो छ । सत्ता पल्टाउने आन्दोलनपछिको परिस्थितिमा राज्यका सबै निकायमा पुनर्संरचनाको माग उठिरहेको छ । त्यसको सुरुवात प्रहरीबाटै गर्नुपर्नेछ । यो कठिन वर्तमान प्रहरीका लागि सुखद भविष्यको सुरुवात हुने सम्भावना छ । अहिले प्रहरीले मुख्यगरी तीन विषयमा समीक्षा गरेर अघि बढ्नुपर्ने देखिन्छ ।

पहिलो, संगठनको सुदृढीकरण हो । २३ भदौको आन्दोलनले प्रहरीको कार्यक्षमता कुन तहमा खस्किएको छ भन्ने प्रस्ट पारेको छ । यसको मूल कारण प्रहरीभित्रको चरम राजनीतीकरण हो । पछिल्लो समय नेपाल प्रहरीमा दुई किसिमका प्रहरी थिए । पहिलो, सत्ताका प्रहरी र दोस्रो वास्तविक प्रहरी । देशका सबैजसो कार्यालयमा सत्ताका प्रहरीको हालिमुहाली थियो । नेपाल प्रहरी एक किसिमले गृहमन्त्रीको निजी सेक्युरिटी कम्पनीजस्तो बनिसकेको थियो । उनीहरूलाई जे गर्न पनि छुट थियो ।

प्रहरी चेन अफ कमान्डमा चलेको भए १५ चैतकै घटनाबाट संगठनले धेरै पाठ सिक्थ्यो । तर, त्यो गम्भीर सुरक्षा चुकमा फिल्डका प्रहरीदेखि गृहमन्त्रीसम्म कोही जिम्मेवार बन्नुपरेन । त्यसले प्रहरीभित्रको जवाफदेहितालाई शून्यमा खस्कायो । २३ भदौको आन्दोलनलाई पनि त्यसरी नै हल्का रूपमा लिएर अघि बढ्दा गृहमन्त्रीदेखि प्रधानमन्त्रीसम्म आफ्नै सुरक्षाका लागि भाम्नुपर्ने उदेकलाग्दो अवस्था सिर्जना भयो ।

प्रहरीमाथि चरम हस्तक्षेप थिएन भने सायद यो अवस्था आउन्नथ्यो । केही वर्षयता प्रहरी महानिरीक्षकलाई हुलाकीजस्तो बनाइएको थियो । महानिरीक्षकले चाहेका एक-दुई अधिकृतलाई समेत आफूले चाहेको स्थानमा पठाउन नसक्ने गरी कमजोर बनाइएको थियो । बकसविना सरुवा-बढुवा असम्भवजस्तै बनिसकेको थियो । एउटा प्रहरी 'पासआउट' भएको भोलिपल्टदेखि नेताको घर धाउनुपर्ने गरी प्रणाली ध्वस्त बनाइएको छ । प्रहरीको सिंगो करियर कहिले सरुवा त कहिले बढुवाका लागि धाउँदै बित्ने गरेको छ । संगठनबारे उसलाई सोच्ने फुर्सद छैन । त्यस्तो अवस्थामा पनि धन्न प्रहरीले काम गरिरहेको थियो ।

यो बेथितिको चक्र तोड्न प्रभावकारी नीतिगत सुधारविना निरर्थक छ । बढुवामा हुने नम्बरको चलखेल हटाउनेदेखि गृह मन्त्रालयले खोसेको अधिकार आइजिपीले पूर्ण रूपमा प्रयोग गर्नुपर्छ । राजनीतिक नेतृत्वसँग मोलाहिजा नगरी अघि बढ्ने आँट आइजिपी र अन्य उच्च अधिकारीले देखाउने हो भने प्रहरीको स्वायत्तता फर्काउन समय लाग्नेछैन ।

प्रहरीले आत्मसमीक्षा गर्नुपर्ने दोस्रो पक्ष आफैँभित्रको सुधार हो । २४ गते प्रहरीमाथि देखिएको आक्रोश गोली चलाइएको विषयसँग मात्र सम्बन्धित थिएन । समग्र प्रहरीको व्यवहारसँग पनि जोडिएको थियो । के प्रहरी साँच्चै जनताको भएर काम गरेको थियो ? आमनागरिकमाथि प्रहरीको व्यवहार कस्तो छ ? प्रहरीको व्यवहारमा व्यापक रुपान्तरण जरुरी छ । पछिल्लो समय प्रहरीको सम्बन्ध जनतासँग टाढा बिचौलिया, मिटरब्याजी र दुई नम्बरी धन्दावालसँग गाढा बन्दै गएको थियो ।



कतैबाट सिफारिस नगरी प्रहरीले जनताको समस्या सुन्दै नसुन्ने र सुनेपछि प्रहरीको रुखो व्यवहारले समाजमा आक्रोश बढाएको थियो ।

प्रहरीको अनुसन्धान मनमौजी हुँदै गएको थियो । रिस उठेकामाथि अधिक अपराधीकरण गर्ने तर सत्तानिकटलाई सकेसम्म जोगाउने र जोगाउन नसके नाम मात्रको अभियोजन गरिन्थ्यो । काठमाडौं प्रहरीमा ठुला लेनदेनका घटनामा उजुरीकर्ता र आरोपी दुवैलाई थुनेर अनुसन्धान गरेका केही अनौठो शैली पनि देखिए । सिआइबी लेनेदन मिलाउने अखडा बन्दै गएको थियो । नागरिकसँगको व्यवहार र अनुसन्धान प्रणालीमा प्रहरीले निर्मम समीक्षा गर्नैपर्छ ।

प्रहरीमा सुधारको तेस्रो पक्ष भनेको व्यावसायिक दक्षता वृद्धि हो । खासगरी भिड नियन्त्रणमा प्रहरी बारम्बार चुक्दै आएको छ । यसमा स्रोत-साधनको अभाव मात्र देखाएर प्रहरीले उन्मुक्ति पाउँदैन । नियमित ड्युटीमा खटिने प्रहरी नै भिड नियन्त्रणमा खटिनुपर्ने अवस्था छ । भिड नियन्त्रणका लागि प्रहरीसँग विस्तृत योजना र त्यहीअनुसार जनशक्ति भएको भए सायद २३ भदौमा बानेश्वरमा त्यो अवस्था आउने थिएन र घटनाक्रम यहाँसम्म पुग्ने थिएन । यसअघि नयाँ बसपार्क, बालकुमारी र तीनकुनेमा भएको सुरक्षा चुकबाट प्रहरीले पाठ सिकेको पटक्कै देखिएन ।

बानेश्वरको आन्दोलनमा घातक हतियार एसएलआरबाट प्रहरीले किन गोली चलायो ? जसका कारण ठुलो क्षति भयो । भिड नियन्त्रणका लागि प्रहरीसँग अत्यावश्यक स्रोतसाधन छैन । आवश्यक सामान खरिद बिचौलियाका कारण सधैँ विवादमा पर्ने र रोकिने उदेकलाग्दो अवस्था सुरक्षा निकायमा छ । तोकिएको मितिमा चुनाव नभएमा राजनीतिक अस्थिरता बढी आगामी दिनमा सुरक्षा चुनौती बढ्ने निश्चित छ । केही दिनमै प्रहरी फेरि भिड नियन्त्रणमा खटिनुपर्ने अवस्था छ । भिड नियन्त्रणको नीतिमा पनि प्रहरीले तत्कालै नयाँ कार्ययोजना बनाएर त्यहीअनुसार जनशक्ति तयार नगर्ने हो भने आगामी दिन अझै कठिन हुन सक्छ । यो मुस्किलको समय नेपाल प्रहरीका लागि चेन अफ कमान्ड प्रहरी हेडक्वार्टरमा फर्काउने अवसर पनि हो । आइजिपीलाई प्रहरीकै साँच्चै कमान्डर बनाउने मौका हो । यसका लागि पहिलो सर्त प्रहरी नेतृत्वमा बिचौलिया र नेताको घरमा नदौडिने सामूहिक प्रतिबद्धता चाहिन्छ । दोस्रो, सरकारबाट प्रहरीको स्वायत्तता बढाएर आफू नियमनकर्ता बन्नुपर्छ । अहिले गैरराजनीतिक सरकार भएकाले सुधारको प्रस्थानबिन्दु अघि बढाउन योभन्दा उपयुक्त अवसर बिरलै आउन सक्छ । अहिले कार्यालय पुनर्स्थापना र मर्मतमा नागरिकको स्तरबाट प्रहरीले जुन साथ पाएको छ, नीतिगत रूपमा त्यहीअनुसार सुधारको काम अघि बढ्यो भने प्रहरी जेन-जी पुस्ताले पनि रुचाउने प्रहरी बन्न धेरै समय लाग्नेछैन ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ५ असोज ०८२

दसैँमा उपत्यकाबाट सुरुङमार्ग हुँदै सवारीसाधन बाहिरिने

नयाँ पत्रिका

दसैँमा उपत्यकाबाट बाहिरिने सार्वजनिक सवारीसाधनले नागढुंगा सुरुङमार्ग प्रयोग गर्ने भएका छन् । सार्वजनिक यातायातमा हुने यात्रुको चाप र सडक जामलाई व्यवस्थित गर्न उपत्यकाबाट बाहिरिने सवारीसाधनलाई सुरुङमार्ग प्रयोग गर्ने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले निर्देशन दिएका छन् । मन्त्रालयका अधिकारी तथा सुरक्षा अधिकारी सम्मिलित शनिबारको बैठकमा उनले तत्काल एउटा सुरुङमार्ग तयार गरेर सञ्चालनमा ल्याउन निर्देशन दिएका हुन् । उपत्यकामा भित्रिने र उपत्यकाबाट बाहिरिने दुईवटा सुरुङ भए पनि पूर्ण रूपले सञ्चालन भएका छैनन् ।

परियोजनाका प्रमुख सौजन्य नेपालले दसैँमा सीमित संख्यामा सुरुङमार्ग हुँदै गाडी सञ्चालन गर्न सकिने बताए । 'शनिबार मन्त्रीज्यूले यस सम्बन्धमा छलफल गर्ने भनेर निर्णय गर्नुभएको छ । हामी आइतबार यसबारे छलफल गर्छौं । सुरुङको भौतिक निर्माणकार्य सकिएकै अवस्था हो । तर, सुरक्षाको संयन्त्र तयार हुनुपर्छ । यात्रुको सुरक्षाको ग्यारेन्टी हुनुपर्छ । त्यसमा तयार गर्न सकियो भने सम्भव हुन्छ,' उनले भने, 'दसैँमा केही सीमित गाडीलाई प्रवेश गराउन सकिन्छ ।'

त्यस्तै, दसैँलगत्तै उपत्यका भित्रिने सवारीसाधनको चाप पनि बढ्ने भएकाले सुरुङमार्गबाटै आउने व्यवस्था मिलाउन पनि उनले निर्देशन दिएका हुन् । सुरुङ हुँदै यात्रुवाहक बस बाहिरिने व्यवस्था भए नागढुंगा हुँदै नौबिसेसम्म लाग्दै आएको सवारीसाधनको जाम हट्ने उनले बताए ।



मन्त्री घिसिङले गरेका निर्णय

- **दसैँमा नागढुंगा–सिस्नेरी सुरुङमार्ग हुँदै सार्वजनिक सवारीसाधन काठमाडौँबाहिर जाने व्यवस्था मिलाउने र दसैँपछि सुरुङमार्ग हुँदै सवारीसाधन भित्रिन सक्ने व्यवस्था गर्ने**
- **नयाँ बसपार्क तथा मुलुकका विभिन्न राजमार्गमा सुरक्षा कडा पार्ने प्रहरी गस्ती र प्रहरी संख्या बढाउने**
- **बुटवल–नारायणघाट सडकको दाउन्ने खण्डमा दसैँ अवधिभर लागू हुने गरी ठुला भारवाहन सवारीसाधन (१२ चक्के र सोभन्दा माथि) सञ्चालन गर्न रोक्ने, तर खाद्यान्तलगायतका अत्यावश्यक सामग्री ढुवानी गर्ने सवारीसाधनलाई भने अवरोध नगर्ने**
- **मुलुकभरिका मुख्य सडकलाई चुस्तदुरुस्त राख्ने, सुधार गर्न र पहिरोजन्य विपत्को व्यवस्थापन गर्न आवश्यक सामग्री तथा यन्त्रहरूको व्यवस्थापन गर्ने**
- **बुटवल–नारायणगढ सडकको दाउने खण्डमा २४सै घण्टा दुईतर्फी यातायात सञ्चालन गर्ने र नारायणगढ–मुग्लिन सडकखण्डको तुइन खोलामा पहिरो गई भएको अवरोध तत्काल हटाई यातायात सञ्चालनमा ल्याउने**
- **मौसम र सडकको अवस्थाबारे २४सै घण्टा सर्वसाधारणलाई जानकारी प्रवाह गर्न फोकल पर्सनसमेतको व्यवस्थापन गरी कन्ट्रोल रुम सञ्चालन गर्ने**
- **सार्वजनिक सवारी–साधनलाई सुरक्षित तथा प्रविधिमैत्री बनाउने कार्यविधि तथा निर्देशिका यातायात व्यवस्था विभागले तत्कालै तयार गरी पेस गर्ने ।**

सडक खुलाउन एक्स्काभेटर चलाउन थालियो

तातोपानी नाका सञ्चालनमा ल्याउन कोदारी राजमार्ग मर्मत थालिएको छ । मन्त्री घिसिङका अनुसार सडक मर्मतका लागि आवश्यक संख्यामा एक्स्काभेटर परिचालन गरिएको छ । शनिबार घिसिङले मन्त्रालयमा राखेको बैठकपश्चात् पनि तातोपानी नाकालाई जोड्ने मुख्य सडक दसैँअगाडि नै सञ्चालनमा ल्याउने गरी आवश्यक कार्य गर्न सडक विभागलाई निर्देशन दिएका छन् ।

गत बुधबार भोटेकोशी गाउँपालिकाका स्थानीयले मन्त्री घिसिङलाई कोदारी राजमार्ग मर्मत गरेर सञ्चालनमा ल्याउन ज्ञापनपत्र बुझाएका थिए । लगत्तै, सो बाटो मर्मत थालिएको हो । भोटेकोशी- ६ का वडाध्यक्ष कुमार श्रेष्ठ र स्थानीय सागे लामा नेतृत्वको टोलीले घिसिङलाई भेटेर सो बाटो सञ्चालनका लागि पहल गर्न आग्रह गरेका थिए ।



बागमतीमा जेन-जी आन्दोलनबाट क्षति व्यवस्थापन गर्न बजेट पुनरावलोकन गरिने

मकवानपुरमा पोष्टराज अधिकारी



बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षको बजेट पुनरावलोकन गर्ने निर्णय गरेको छ । २३-२४ भदौमा जेन-जी आन्दोलनका क्रममा सरकारी संरचनामा ठुलो क्षति पुगेकाले तत्काल पुनर्निर्माणका लागि बजेट पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएको प्रदेश सरकारले जनाएको छ ।

शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए । साथै, ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना प्रकट गर्ने निर्णय पनि बैठकले गरेको छ ।

मन्त्री तामाङका अनुसार आन्दोलनका क्रममा घाइते भएकालाई प्रदेशमातहतका अस्पतालमा निःशुल्क उपचार सुविधा उपलब्ध गराइनेछ । सार्वजनिक तथा निजी सम्पत्तिमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै सरकारले पुनर्निर्माणलाई प्राथमिकता दिने निर्णय गरेको उनले बताए । 'बजेट पुनरावलोकनबाट साना र परिणाम नदिने टुक्रे योजना कटौती गरिनेछ । बजेटलाई पुनर्निर्माण र देखिने परिणाममुखी विकासका काममा केन्द्रित गरिनेछ,' प्रवक्ता तामाङले भने ।

बैठकले श्रम, रोजगार तथा यातायात मन्त्रालय, कृषि तथा पशुपक्षी मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा चालू आवका लागि अस्थायी दरबन्दीलाई निरन्तरता दिने निर्णय पनि गरेको छ ।

सहुलियतपूर्ण कर्जाको बक्यौता तिर्न नौ अर्ब ८० करोड निकासा

पुनः अघि बढ्दै साढे दुई वर्षदेखि रोकिएको सहुलियतपूर्ण कर्जा कार्यक्रम



राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल भन्छन्-

सरकारले नौ अर्ब ८० करोड रुपैयाँ बजेट निकासा गरेको भन्ने जानकारी पाएँ । हामीले ०८१ चैतसम्मको बक्यौता तिर्न झन्डै १० अर्ब बजेट आवश्यक पर्ने भन्दै अर्थ मन्त्रालयलाई बजेट निकासा गरिदिनुहुन माग गरेका थियौं । यो बजेटले चैतसम्मको बक्यौता तिर्न पुग्छ । यो नियमित प्रक्रिया पनि हो । त्यसयताको ब्याज अनुदानको बक्यौता भुक्तानी गर्ने प्रक्रिया पनि नियमित रूपमै अघि बढ्नेछ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अर्थ मन्त्रालयले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानको बक्यौता भुक्तानी गर्न नेपाल राष्ट्र बैंकलाई नौ अर्ब ८० करोड निकासा गरेको छ । शनिबार अर्थमन्त्री रामेश्वर खनालले सात त्रैमासमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान भुक्तानी गर्न सोबराबरको बजेट निकासा गर्ने निर्णय गरेका हुन् । राष्ट्र बैंकको खातामा उक्त रकम पुगेपछि सम्बन्धित बैंकहरूको बक्यौता भुक्तानी गरिनेछ ।

अर्थ मन्त्रालयले दोस्रो त्रैमासमा निकासा गर्ने गरी यो बजेट विनियोजन गरेको थियो । त्यसमा वर्तमान परिस्थितिलाई लक्षित गरी सम्बन्धित कार्यक्रम संशोधन गरेर पहिलो त्रैमासमै निकासा गर्ने निर्णय गरिएको हो । 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालू आर्थिक वर्ष ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज अनुदान प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित रकमलाई कार्यक्रम संशोधनमार्फत प्रथम त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासिकमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकलाई शोधभर्ना उपलब्ध गराउन मिति ०८२/०६/०४ को अर्थमन्त्रीस्तरको निर्णयअनुसार नौ अर्ब ८० करोड निकासा गरिएको छ,' मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

यसअघि माघमा दुई अर्ब ९३ करोड २१ लाख ८९ हजार अनुदान निकासा भएको थियो । अहिले थप नौ अर्ब ८० करोड निकासा भएको हो । यसअन्तर्गत अझै तीन अर्ब हाराहारीमा अनुदान बक्यौता बाँकी रहेको बताइन्छ । सरकारले चालू आवमा यो प्रयोजनका लागि ११ अर्ब बजेट विनियोजन गरेको थियो ।

सरकारको ब्याज अनुदान नीतिअनुसार बैंक तथा वित्तीय संस्थाहरूले ०७२ देखि सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएका छन् । यसमा बैंकहरूले सरकारबाट आउने ब्याज अनुदान कटाएर ऋणीसँग साँवा तथा बाँकी ब्याज असुल गर्दै आएका छन् । तर, पछिल्लो समय सरकारले लामो समयदेखि अनुदानबापतको बक्यौता निकासा गरेका थिएनन् । लामो समयसम्म पाउनुपर्ने पैसा नपाएपछि बैंकहरू निरुत्साहित पनि भएका थिए । बैंकहरूले पुस-माघ ०७९ देखि नै अघोषित रूपमा यस्तो कर्जा प्रवाह रोकेका छन् ।

सोही अवस्थामा अर्थ मन्त्रालयले गत भदौ पहिलो साता यसका लागि नयाँ 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२' जारी गरेको थियो । त्यसको एक महिनापछि विगतका सात त्रैमासको अनुदान बक्यौता निकासा भएको हो ।

यो बजेटले गत चैतसम्मको बक्यौता तिर्न पुग्ने राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडलले बताए । 'सरकारले नौ अर्ब ८० करोड रुपैयाँ बजेट निकासा गरेको भन्ने जानकारी पाए । हामीले ०८१ चैतसम्मको बक्यौता तिर्न झन्डै १० अर्ब बजेट आवश्यक पर्ने भन्दै अर्थ मन्त्रालयलाई बजेट निकासा गरिदिनुहुन माग गरेका थियौं,' उनले भने, 'यो बजेटले चैतसम्मको बक्यौता तिर्न पुग्छ । यो नियमित प्रक्रिया पनि हो । त्यसयताको ब्याज अनुदानको बक्यौता भुक्तानी गर्ने प्रक्रिया पनि नियमित रूपमै अघि बढ्नेछ ।'

नयाँ कर्जा प्रवाह पनि हुने

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा निजी व्यवसाय तथा उद्योगमाथि तोडफोड तथा आगजनी हुनुका साथै सरकारी संरचना पनि ध्वस्त भएका छन् । त्यो घटनाले अर्थतन्त्र प्रभावित हुने देखिएको छ । त्यो अवस्थामा अर्थतन्त्र चलायमान बनाउन दोस्रो त्रैमासमा निकासा गर्ने गरी विनियोजन गरिएको बजेट पहिलो त्रैमासमै निकासा गरिएको अर्थ मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले अर्थतन्त्र चलायमान बन्ने अपेक्षा रहेको बताए । राष्ट्र बैंकले माग गरेअनुसारको बजेट निकासा गरिएको उनको भनाइ छ । साथै, अब बैंकहरूले यसअन्तर्गतको कर्जा प्रवाह गर्ने पनि उनको विश्वास छ ।

'एक महिनाअघि मात्रै नयाँ कार्यविधि आइसकेको अवस्था हो । तर, बक्यौता धेरै हुँदा बैंकहरू यस्तो कर्जा प्रवाह गर्न खोजेका थिएनन् । बक्यौता प्राप्त भएमा नयाँ कर्जा प्रवाह गर्ने उहाँहरूको प्रतिक्रिया थियो । साथै, वर्तमान परिस्थितिमा अर्थतन्त्र चलायमान बनाउनुपर्ने पनि छ । सोही अवस्थालाई लक्षित गर्दै दोस्रो त्रैमासमा निकासा गर्नुपर्ने बजेट अहिले नै निकासा गरेका हौं,' उनले भने, 'अब यस्तो कर्जाको माग भएको अवस्थामा बैंकहरूले रोक्दैनन् । स्टार्टअपलगायतका व्यवसाय आकर्षित हुन्छ ।'

राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले पनि अब यस्तो कर्जा प्रवाह हुन सक्ने बताए । 'यो नियमी कार्यक्रम नै हो । नयाँ कार्यविधिमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बैंक, बिमा कम्पनी, ऋणलगायतका सरोकारवालाको कर्तव्य तथा दायित्व स्पष्ट उल्लेख गरिएको छ,' उनले भने, 'त्यसको अधीनमा रहेर बैंकहरूले स्वतस्फूर्त रूपमा यस्तो कर्जा प्रवाह गर्न सक्छन् । राष्ट्र बैंकले थप निर्देशन दिनुपर्दैन ।'

अब नयाँ कर्जा प्रवाह गर्छौं : बैंकर्स संघ

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले अब सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंकहरूलाई प्रोत्साहन हुने बताए । 'पहिला बैंकहरूले यस्ता कर्जा दिएका हुन् । त्यसमा सरकारले अनुदान पनि दिएकै हो । तर, बिचमा भने त्यस्तो अनुदान आएन । आए पनि पूरा आउने थिएन । त्यसले गर्दा यस्तो कर्जा अघि बढ्न सकेको थिएन,' उनले भने, 'अहिले नयाँ कार्यविधि पनि आइसकेको छ । सरकारले पनि लामो समयदेखिको बक्यौता निकासा गरेको छ । अब बैंकहरूलाई यस्तो कर्जा प्रवाह गर्न हौसला मिल्नेछ । हामी सरकारको यो अभियानमा सहयोग गर्न तयार छौं । सरकारको निर्देशनअनुसार कर्जा प्रवाह हुन्छ । राष्ट्र बैंकले यसअनुसार नयाँ परिपत्र पनि ल्याउने तयारी गरेको छ । त्यसपछि कर्जा प्रवाह गर्छौं ।'

७३ खर्ब नाघ्यो बैंक तथा वित्तीय संस्थाको निक्षेप

मुद्दतीमा ब्याजदर कम भए पनि निक्षेपकर्ताले लगानीका अन्य क्षेत्र सुरक्षित नदेखेपछि बैंक तथा वित्तीय संस्थामा थुप्रियो पैसा

काठमाडौं/ मुद्दती र बचतमा ब्याजदर ज्यादै न्यून दरमा पाइने भए पनि बैंक तथा वित्तीय संस्थामा निक्षेप थुप्रिने क्रम रोकिएको छैन । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार ३० भदौसम्म ७३ खर्ब ६ अर्ब रुपैयाँ निक्षेप संकलन कायम भएको छ ।

खासगरी रेमिट्यान्स आप्रवाह बढ्दै गइरहेकाले पनि निक्षेप संकलनमा वृद्धि भइरहेको छ । साउन मसान्तसम्म ७२ खर्ब ४१ अर्ब कायम रहेको निक्षेप संकलन एक महिनामा ६५ अर्ब रुपैयाँले बढेको हो । वाणिज्य बैंकको निक्षेप संकलन ६५ खर्ब ५६ अर्ब रुपैयाँ पुगेको छ । असोजमा २० वटा वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा औसत ब्याजदर ५.४६ प्रतिशत निर्धारण गरेका छन् ।

निक्षेपको ब्याजदर न्यूनतम विन्दुमा आइपुग्दासम्म बैंक तथा वित्तीय संस्थामा निक्षेप राख्ने क्रम रोकिएको छैन । ब्याजदर घटेपछि सामान्यतया तरल सम्पत्तिका रूपमा लिइने सेयर बजारमा आकर्षण बढ्ने गरेको छ । तर, पछिल्लो समयको राजनीतिक अस्थिरता र लगानीयोग्य वातावरणको अभावका कारण सेयर बजारमा समेत आकर्षण बढ्न सकेको छैन । घरजग्गा कारोबारमा पनि सुधार आउन नसकेको अवस्थामा बैंक तथा वित्तीय संस्थामा थोरै ब्याजदरमा भए पनि निक्षेप राख्ने प्रवृत्ति बढेको छ ।

कर्जा प्रवाह सवा ५६ खर्ब

बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह सवा ५६ खर्ब पुगेको छ । राष्ट्र बैंकका अनुसार ३० भदौसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाह ५६ खर्ब २५ अर्ब पुगेको हो । यसमध्ये वाणिज्य बैंकहरूको कर्जा प्रबाह ५० खर्ब दुई अर्ब पुगेको छ । कर्जा निक्षेप अनुपात ७६.०४ प्रतिशत कायम भएको छ । अपेक्षित रूपमा कर्जा प्रवाह हुन नसक्दा बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य तरलतासमेत बढ्दै गएको छ ।



नयाँ ऋणीलाई मात्रै नयाँ कार्यविधि

राष्ट्र बैंकका अनुसार नयाँ कार्यविधिको व्यवस्था नयाँ ऋणीलाई मात्रै लागू हुनेछ । नयाँ कार्यविधिमार्फत यस्तो कर्जामा दिइने अनुदान ३ प्रतिशत विन्दुमा सीमित गरिएको छ । यसअघि महिला उद्यमशील कर्जाको ब्याजदरमा ६ प्रतिशत विन्दु र अन्य कर्जाको ब्याजदरमा ५ प्रतिशत विन्दुको दरमा सरकारले अनुदान दिने व्यवस्था थियो । तर, अहिले सबैलाई तीन प्रतिशत विन्दुको दरमा ब्याज अनुदान दिने व्यवस्था गरिएको छ ।

आधारदर १.५ प्रतिशत विन्दु प्रिमियम थपेर यस्तो कर्जाको ब्याजदर निर्धारण गरिनेछ । त्यसमा ३ प्रतिशत विन्दु अनुदान सरकारबाट प्राप्त हुनेछ । पहिला भने आधारदरमा २ प्रतिशत प्रिमियम थप गरेर यस्तो कर्जाको ब्याजदर निर्धारण गरिन्थ्यो ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक पौडेलका अनुसार पुराना ऋणीतर्फ महिला उद्यमशील कर्जामा ६ प्रतिशत विन्दु र अन्य कर्जामा ५ प्रतिशत विन्दुको दरमा अनुदान पाइन्छ । नयाँ ऋणीले भने ३ प्रतिशतको दरमा ब्याज अनुदान पाउनेछन् ।

सहुलियतपूर्ण कर्जा पाइने आठ क्षेत्र

कार्यविधि संशोधन गरेर सहुलियतपूर्ण कर्जा पाउने नयाँ आठ क्षेत्र निर्धारण गरिएको छ । त्यसमा कृषि तथा पशुपक्षी कर्जा पाँच करोड रुपैयाँसम्म, महिला उद्यमशील कर्जा २५ लाख रुपैयाँसम्म, वैदेशिक रोजगारबाट फर्केका युवा स्वरोजगार कर्जा २० लाख रुपैयाँसम्म र शिक्षित युवा परियोजना कर्जा २० लाख रुपैयाँसम्म कर्जा पाइनेछ ।

यस्तै, दलित समुदाय भगत सर्वजित उद्यम विकास कर्जा २० लाख रुपैयाँसम्म, स्टार्टअप उद्यम कर्जाका लागि २५ लाख रुपैयाँसम्म, उद्योगमा बोइलर प्रतिस्थापन कर्जाका लागि ५० लाख रुपैयाँसम्म र प्राकृतिक विपत् पीडितको निजी आवास निर्माण कर्जा पाँच लाख रुपैयाँसम्म कर्जा दिने नीति छ । अब यहीअनुसार नै कर्जा प्रवाह गरिनेछ ।

अनुदानमा कुल खर्च सवा ३८ अर्ब

योसँगै यस्तो अनुदानमा सरकारको हालसम्म ३८ अर्ब २९ करोड तीन लाख ८९ हजार रुपैयाँ खर्च भएको छ । भुक्तानीका आधारमा यतिका खर्च भएको देखिएको हो । यसअघि यसमा २८ अर्ब ४९ करोड तीन लाख ८९ हजार रुपैयाँ अनुदान भुक्तानी भएको थियो । अहिले थप नौ अर्ब ८० करोड रुपैयाँ थप भुक्तानी भए पनि यस्तो खर्च ३८ अर्ब २९ करोड तीन ८९ हजार रुपैयाँ पुगेको हो ।

साढे ७६ अर्ब कर्जा असुल हुन बाँकी

सुहलियतपूर्ण कर्जाअन्तर्गत अब बैंकहरूले ७६ अर्ब ५२ करोड ६० लाख ६१ हजार रुपैयाँ ऋण उठाउन बाँकी देखिएको छ । ९४ हजार तीन सय १४ ऋणीबाट सोबराबरको कर्जा फिर्ता हुन बाँकी छ । सम्झौता तालिकाअनुसार ऋणीहरूले त्यो कर्जा चुक्ता गर्नुपर्नेछ । बैंकहरूले यसअन्तर्गत साढे दुई खर्बभन्दा बढी कर्जा प्रवाह गरेका थिए ।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date Of Publication: 21st September, 2025

1. Neelakantha Municipality invites Sealed Quotation from eligible Suppliers for the execution of below mentioned works under Sealed Quotation Procedures.
2. The Detailes of projects are tabulated below.Quotation is open to all eligible Nepalese Suppliers.

S. N	Identifiction No.	Name Of Project	"Estimated Amount (Without VAT and Contingencies including P.S)"	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-SQ :- 01/2082-083	Procurement and Supply of Free essential drugs and Medicines	3323558.46	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:- 1030100301010006	1,000.00	85,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:- 1030100303000006	06th October 2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-SQ :- 02/2082-083	Procurement and Supply of exam paper/copy	1238665.49			35,000.00			

3. Eligible Supplier may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Sealed Quotation will be opened in the presence of Supplier's representative who choose to attened at 6th October,2025 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any Quotation and annual the process and reject all Quotation at any time prior to contract award.

Chief Administrative Officer

अनि जलाउन थाले सरकारी भवन

नयाँ पत्रिका

पहिलो प्रहार तीनकुने प्रहरी वृत्त (बिहान ११ बजे)

सरकारले २३ भदौमा बानेश्वरमा १९ युवाको नरसंहार गरेपछि जेन-जी प्रदर्शनकारीको निसानामा थियो संसद् भवन । २४ भदौको बिहानैदेखि उनीहरू बानेश्वरतर्फ अगाडि बढ्दै थिए । तीनकुने सडकमा जम्मा हुन थाले । १० बजेसम्म सडक उनीहरूको कब्जामा आइसकेको थियो । बानेश्वरतर्फ अगाडि बढ्न खोज्दा प्रहरी पुलमा रोक्ने प्रयासमा थियो । उत्तेजित भिड तीनकुनेस्थित प्रहरी वृत्ततर्फ अघि बढ्यो । वृत्तलाई घेरा हाल्यो । कार्यालयको गेट तोड्यो, कोही काँडेतार पन्छाएर पर्खाल नाघेरै कार्यालयमा छिरे । टेबुल, कुर्सी र कागजात बाहिर निकालेर आगो लगाए । पार्किङ गरिएका गाडी र मोटरसाइकलमा पनि आगो झोसे । प्रदर्शनकारीलाई संसद् भवनतर्फ जान नदिन तैनाथ प्रहरी आफ्नै कार्यालय जोगाउन असमर्थ बन्यो ।

कार्यालय ध्वस्त पारेपछि प्रदर्शनकारीले प्रहरीको बर्दी उतारेर अर्धनग्न अवस्थामा सडकमा मार्च गर्न लगाए । ज्यान जोगाउन केही सुरक्षाकर्मी बागमती नदीमा हामफाले । अझै पनि ढुंगा हान्दै खोलैखोला लगार्न छाडेनन् । विजयीभावमा उनीहरू फेरि बानेश्वर सडकमा उत्रिए, त्यतिवेलासम्म सडक पूर्ण रूपमा आन्दोलनकारीको नियन्त्रणमा थियो ।

दन्किन थाल्यो संसद् भवन (१:३० बजे)



तीनकुनेबाट बानेश्वरतिर अगाडि बढेको भिड विनाकुनै अवरोध संसद् भवनको दक्षिण गेटमा गएर रोकियो । गेट बन्द थियो । सडकमा नभए पनि संसद् भवन सुरक्षाका लागि भित्र सुरक्षाकर्मी थिए । सुरक्षाकर्मीले भिड रोक्न तागत लगाए । केहीबेर घम्साघम्सी चल्यो, तर भिडसामु सुरक्षाकर्मीको जोड चलेन । गेट ढलाएर प्रदर्शनकारी संसद् भवनपरिसरमा प्रवेश गरे । प्रदर्शनकारीले भवनभित्र छिरेर टेबुल, कुर्सी, कागजातलगायत जम्मा गरे । बोतलमा बोकेको पेट्रोल छर्किएर आगो लगाए । दिउँसो १:३० बजेदेखि आगो दन्किन थाल्यो । २:०० बज्दासम्म धुवाँको मुस्लोले संसद् भवनको आकाश भरिसकेको थियो ।

सिंहदरबार पनि जोगिएन (अपराह्न २:३० बजे)

संसद् भवन जलाएपछि प्रदर्शनकारी थप उग्र बने । अब सिंहदरबार पनि जलाउने भन्दै अगाडि बढ्यो । २:०० बजेसम्म चारैतिरबाट सिंहदरबार घेरिसकेका थिए । तर, भित्र छिर्न सुरक्षाकर्मीको अवरोध थियो । हातमा पेट्रोलका बोतल बोकेका प्रदर्शनकारीले आगो सल्काउँदै सुरक्षाकर्मीतिर फाल्न थाले, जवाफमा अश्रुग्यास पाए । त्यतिवेलासम्म सिंहदरबार पश्चिम गेटसामुन्ने रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय आगजनीपछि ध्वस्त भइसकेको थियो ।

त्यही समूह पश्चिम गेटमा जम्मा भयो । सँगै ल्याइएको टायर गेटमै राखेर पेट्रोल छर्किएर आगो लगायो । धुवाँको मुस्लोले आकाश ढाक्यो । त्यही



वेला अर्को समूह गेट नाघेर भित्र छिऱ्यो । गेटमा दन्किएको आगो लगेर कोठा-कोठामा झोस्न थाल्यो । हेर्दाहेर्दै गेट पनि तोडे । सबै भिड सिंहदरबार छिरेपछि सुरक्षाकर्मीले रोक्न सकेन । पूर्वी, दक्षिण र पश्चिम गेटबाट ओइरिएका प्रदर्शनकारीले सिंहदरबारलाई पूर्ण रूपमा नियन्त्रणमा लियो ।

उनीहरू गृह मन्त्रालय पनि प्रवेश गरे । सोफा, टेबुल, कुर्सी र कागजातमा आगो लगाए । पश्चिमतर्फबाट छिरेका प्रदर्शनकारी भने प्रधानमन्त्री कार्यालयभित्र प्रवेश गरे । कोठाकोठाका फर्निचरमा आगो झोस्दै अघि बढे । उनीहरूको आक्रोश सिंहदरबारभित्र पार्किङ गरिएका गाडी र मोटरसाइकलमाथि पनि पोखियो । ४:०० बजेसम्म प्रधानमन्त्री कार्यालय, संसद् सचिवालय, गृह, शिक्षा, कानुन, भूमि, भौतिकलगायत मन्त्रालय खरानी भइसकेका थिए ।

सिंहदरबारबाट निस्किएर सर्वोच्च अदालतमा प्रहार (४:३०)

सिंहदरबारबाट निस्किएका युवाले सर्वोच्च अदालत र महान्यायाधिवक्ताको कार्यालय पनि छाडेनन् । यतिवेलासम्म त रोक्ने सुरक्षाकर्मी पनि थिएनन् । बन्द गेट तोडेर सजिलै सर्वोच्च परिसरमा छिरे । पार्किङमा रहेका गाडी र मोटरसाइकलमा आगो लगाए । उही शैलीमा कोठाकोठा छिर्दै सबैतिर पेट्रोल छर्किँदै आगो लगाए । महान्यायाधिवक्ताको कार्यालयमा पनि त्यसै गरे । यही भिडले बबरमहलस्थित काठमाडौं जिल्ला अदालत र सडक विभागमा पनि आगो लगायो । सबै खरानीमा परिणत भयो ।

शीतलनिवास जलिरह्यो, सेना हेरिरह्यो (३:३० बजे)

महाराजगन्जस्थित प्रहरी वृत्त खरानी बनाएका आक्रोशित युवा शीतलनिवासस्थित राष्ट्रपतिनिवास आक्रमणमा होमिए । सेनाको परमाधिपतिसमेत रहेका राष्ट्रपतिको कार्यालयसमा हतियारसहितका सैनिक नै तैनाथ थिए । तर, उनीहरूलाई गोली चलाउने आदेश थिएन । प्रदर्शनकारीको ठुलो भिड उनीहरूले रोक्न सकेनन् । प्रदर्शनकारीले भित्रै छिरेर आगो लगाए । २५ भदौको बिहानसम्म पनि आगो दन्किरहेको थियो ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा पनि जलाए एउटा भवन (१:३० बजे)

अघिल्लो दिन १९ युवा मारिएपछि प्रदर्शनकारी प्रधानमन्त्री केपी ओलीसँग बढी आक्रोशित थिये । अझ उनले राजीनामा दिन आनाकानी गरेपछि युवा थप उत्तेजित थिए । बिहान ११:०० बजेबाट उनीहरू बालुवाटारस्थित ३ नम्बर गेटमा जम्मा हुन थालिसकेका थिए । उनीहरूलाई रोक्न सुरक्षाकर्मी तैनाथ थिए । तर, १:३० तिर भिड गेट तोडेर अगाडि बढ्यो । ३ नम्बर गेटसँगै रहेको भवनमा आगो लगायो । प्रदर्शनकारी प्रधानमन्त्रीको निवासतर्फ अघि बढ्न बल गर्दै थिए । त्यही वेला २:०० बजे ओलीले राजीनामा दिए । सेनाले हेलिकोप्टरमा राखेर बालुवाटारबाट शिवपुरीतिर लगेपछि युवाको आक्रोश मत्थर भयो । प्रधानमन्त्रीनिवास जल्नबाट बच्यो ।

हमासको...

पृष्ठ ३ बाट क्रमशः

हमासले बिहीबार नै इजरायली आक्रमण बढ्दै गए बन्दीको जीवन संकटमा पर्न सक्ने चेतावनी दिएको थियो । हमासको अल-कस्साम ब्रिगेडको वक्तव्यमा थियो, 'तिमीहरूका बन्दीहरू गाजासिटीका बस्तीहरूमा फैलिएका छन्, । अपरेसन विस्तारको अर्थ हो कि तिमीहरूले कुनै पनि बन्दी प्राप्त गर्नेछैनौं-न त जीवित, न त मृत । गाजा तिम्रा सैनिकहरूको चिहान हुनेछ ।'

यसैको श्रृंखलामा हमासले शनिबार बिदाइ तस्बिर भनेर सार्वजनिक गरेको हो । 'हमास समूहको कास्साम ब्रिगेडले गाजामा रहेका ४८ जना बन्दीको एउटा तस्बिर सार्वजनिक गरेको छ, जसलाई उसले बिदाइ तस्बिर भनेर उल्लेख गरेको छ,' अलजजिरामा माजियार मोतामेदीले समाचार लेखेका छन् ।

इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले यसबारे कुनै जानकारी नभएको बताए । 'आधिकारिक रूपमा यस सम्बन्धमा हामीलाई जानकारी आएको छैन,' राजदूत पण्डितले टेलिफोनमा नयाँ पत्रिकासँग भने । राजदूत पण्डितलाई विपिनका परिवारले पनि सोधखोज गरेका थिए । उनले परिवारलाई पनि आफूलाई जानकारी नभएको र इजरायली अधिकारीसँग सम्पर्क गरेर जवाफ दिने बताएका थिए ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हमाससँग कुनै पनि सहमति गर्न अस्वीकार गरेको र इजरायली सेना प्रमुख एयाल जामिरले आक्रमण जारी राखेकै वेला हमासको चेतावनी आएको अलजजिराले जनाएको छ । बिदाइ तस्बिर सार्वजनिक हुनुलाई इजरायली अधिकारीले भने परिवारजनमार्फत हमास समूहले सैन्य अपरेसन रोक्न दिएको दबाबका रूपमा लिएका छन् ।

हमासको कब्जामा रहेका ५० मध्ये २० जना जीवित रहेको इजरायली अधिकारीहरूको विश्वास छ । इजरायलको सुरक्षा फौजले परिवारजनलाई बन्दीहरूको अवस्थाबारे यकिन सूचना नभएको जानकारी दिएका छन् । टाइम्स अफ इजरायलले शनिबार प्रकाशित गरेको समाचारअनुसार हमासको कब्जामा रहेकामध्ये कम्तीमा २६ जनाको मृत्यु पुष्टि भइसकेको छ र उनीहरूको शव हमासको नियन्त्रणमा छ । '२० जना अझै जीवित रहेको विश्वास गरिन्छ भने दुईजनाको अवस्था गम्भीर भएको आशंका छ,' जेरुसेलम पोस्टले लेखेको छ । ०८० असोज २३ मा निर ओज र किबुज आलुम्मिबाट हमास समूहले गरेको हमलापछि उसले २५१ जनालाई अपहरण गरेको थियो ।

६-७ सय...

पृष्ठ ३ बाट क्रमशः

प्रयासमा पनि खुल्न सकेन । पहिरोले अवरुद्ध झन्डै डेढ सय मिटर सडक खुलाउने प्रयास शनिबार रातिसम्म सफल नभएपछि हजारौं यात्रु बिचल्लीमा परेका छन् ।

मुग्लिङ बजारदेखि करिब दुई किलोमिटर दक्षिणपट्टि रहेको चितवनको इच्छाकामना गाउँपालिका- ६ स्थित तुइन खोला पुलछेउमा पहिरो गएपछि सडक दुईतर्फी अवरुद्ध भएको थियो । शुक्रबार साँझदेखि नै सडक खुलाउन पहल थाले पनि निरन्तर ठुल्ठुला ढुंगासहित पहिरो खसेपछि काम अघि बढ्न सकेन । शनिबार वर्षा नभए पनि सुक्खा पहिरो थियो ।

सडक खुलाउन नारायणगढपट्टि दुई र मुग्लिनपट्टि तीन गरेर पाँचवटा मेसिन परिचालन भएका थिए । शनिबार साँझ साढे ६ बजेतिर सडक खुलाउन अधिकांश काम सकिए पनि पुनः ठुला ढुंगासहितको पहिरो खस्दा समस्या भएको चितनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए । उनका अनुसार मानवीय हताहत भने छैन ।

'एक-डेढ घण्टामा सडक खुल्ने आशा थियो । तर, भूकम्प आएजसरी ठुल्ठुला ढुंगासहित पुनः पहिरो आयो । त्यसले मेसिनलाई पनि क्षति पुऱ्यायो । यद्यपि, मानवीय क्षति भएन । त्यसपछि सुरक्षाको दृष्टिकोणलाई ध्यानमा राख्दै शनिबार रातिलाई बाटो खोल्ने काम स्थगित गरिएको छ,' उनले भने, 'आइतबार बिहान साढे ४ बजेदेखि पुनः काम सुरु गर्छौं । तर, वेलावेला पहिरो खसेकाले कति समय लाग्छ भनेर यकिन गर्न गाह्रो छ ।'

पटक-पटक सुक्खा पहिरो खसेपछि सडक खुलाउन नसकेको सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताए । उनका अनुसार त्यस क्षेत्रको भौगोलिक बनावट यसै पनि कमजोर छ । त्यसमाथि त्यहाँ टुक्रे चट्यान छ । त्यसले गर्दा पहिरो रोकिन समय लागेको उनको भनाइ छ । 'पहिरोले डेढ सय मिटरभन्दा बढी सडक अवरुद्ध गरेको छ । कहिलेसम्म खुलाउन सकिन्छ भन्ने सकिन्न । निर्वाध रूपमा काम भए ८-१० घण्टा लाग्न सक्छ,' उनले भने ।

सडक अवरुद्ध हुँदा दुईतिर गरेर हजारौं गाडी अलपत्र परेको तथा दसैंका वेला यात्रा सहज बनाउन कठिन परिस्थिति आएको चितवनका प्रमुख जिल्ला अधिकारी अर्यालले बताए । 'अहिले दुवैतर्फ ६-७ सय गाडी अलपत्र छन् । त्यसमा हजारौं यात्रु अलपत्र छन्,' उनले भने, 'सडक कहिले खुल्छ भनेर भन्न सक्ने अवस्था छैन । दसैंका वेला कठिन परिस्थिति आयो ।'

हजारौं यात्रुको बिजोग

पहिरोले बाटो अवरुद्ध भएपछि हजारौं यात्रुको बिचल्ली भएको छ । पहाडको खोच र अनकन्टार भिरबाट निरन्तर खसिरहेको ढरालग्दो सुक्खा पहिरोले यात्रु त्रसित छन् । कहिलेसम्म बाटो खुल्छ भनेर पनि यकिन भएको छैन ।

शुक्रबार करिब ८ बजे स्कुटर लिएर चितवनबाट दमौली हिँडेका एक युवाले पहिरोले स्कुटर पुरिए पनि भाग्यवश लड्दै-पड्दै ज्यान जोगाउन सफल भएको बताए । 'अरूको कुरा सुन्दा कसो ज्यान गएन,' उनले भने ।

पहिरो पन्छाउन नसकेपछि अलपत्र परेका यात्रु चिसो पिचमा समय गुजारिरहेका छन् । मुग्लिनका जेनिश श्रेष्ठ वीरगन्जबाट आउँदै थिए । 'एकैछिनमा घर पुग्ने थिएँ । तर, पहिरोका कारण दुई दिनदेखि जाममा पर्ें,' उनले भने ।

शुक्रबारदेखि जाममा परेर पोखराको बाटो हुँदै दाडबाट आएका सागर तामाङ मुग्लिनमा भेटिए । दुई दिनदेखि पहिरोले अवरुद्ध सडक खुलाउन नसकेकोमा उनले आक्रोश व्यक्त गरे । 'कति दिनसम्म जाममा बस्ने, यस्तो कुरामा कसले चासो दिन्छ ?' उनले प्रश्न गरे ।

सडक अवरोध हुँदा शान्ति सुरक्षादेखि यात्रुको बसाइसम्मको ध्यान दिनुपरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले बताए । 'हजारौं यात्रु सडक र आसपास होटेलमा बसेका छन्,' उनले भने, 'सुरक्षा र वासस्थानको जोहो गर्न सबैलाई आग्रह गरेका छौं ।'

पहिरो नथपिए आइतबार दिउँसोसम्म अवरुद्ध सडक सुचारु हुने नागढुंगा मुग्लिन सडक योजना (पश्चिम खण्ड)का योजना प्रमुख केदार नेपालले बताए । 'अवरुद्ध सडक खुलाउने निरन्तर प्रयासमा छौं । पहिरो खसिरहेका कारण एक्स्काभेटरले पनि निरन्तर रूपमा काम गर्न सकेको छैन,' उनले भने, 'आइतबार बिहानैबाट पहिरो पन्छाउने काम सुरु गर्छौं । थप पहिरो खसेर समस्या भएन भने आइतबार दिउँसोबाट अवरुद्ध सडक सुचारु हुन्छ ।'

पहिरोले नारायणगढ-मुग्लिन सडक अवरुद्ध भएपछि यात्रुले वैकल्पिक बाटोको खोजी गर्न थालेका छन् । नागढुंगा मुग्लिन सडक योजना (पश्चिम खण्ड)का योजना प्रमुख नेपालले लामो दूरीको यात्रा गर्दै गरेका यात्रुलाई वैकल्पिक बाटोको प्रयोग गर्न आग्रह गरेका छन् ।

प्रदेश राजधानी हेटौंडा र चितवन भएर संघीय राजधानी काठमाडौं आवतजावत गर्ने यात्रुले नौबिसेबाट दामन हुँदै त्रिभुवन राजपथ प्रयोग गर्न सक्नेछन् । अर्को दक्षिणकाली र कुलेखानीको बाटो प्रयोग गर्न सकिने पनि योजना प्रमुख नेपालले बताए ।

त्यस्तै, नारायणघाटबाट पश्चिम जाने सवारीहरूले तनहुँको भिमाद हुँदै कालीगण्डकी करिडोर भएर गैंडाकोटको बाटो प्रयोग गर्न सकिने उनले बताए । तनहुँ एक-दुई घण्टामै पुग्न सकिने हुँदा यो बाटो पनि उत्तम रहेको उनको भनाइ छ ।

पश्चिमबाट आउने अधिकांश सवारीसाधनले बुटवल, पाल्पा, पोखरा हुँदै काठमाडौं आवतजावत गरिरहेको प्रहरीले जानकारी दिएको छ । यस्तै, काठमाडौंबाट तराई जाने गाडीहरूले कान्तिपथ, दामन, कुलेखानीसहित बिपी राजमार्ग प्रयोग गर्न सक्नेछन् ।

नारायणगढ-मुग्लिन सडकको विकल्पमा रहेका सडक साना गाडी तथा मिनीबसका लागि मात्रै सहज छन् । ठुला बस तथा गाडीका लागि उपयुक्त छैनन् । लेन मिचेर विपरीत दिशाबाट सवारीसाधन पसेकाले वैकल्पिक सडकमा डाइभर्ट गर्न पनि चुनौती भएको सडक डिभिजन चितवनका प्रमुख लामिछानेले बताए ।

यसैबिच, शनिबार साँझ जिल्ला प्रशासन चितवनले झन्डै २५ सय यात्रुलाई पानी, चिउरा र भुजालगायत खाद्यान्न वितरण गरेको छ । जाममा परेका यात्रुलाई विभिन्न संघसंस्था तथा होटेल व्यवसायीले खाजास्वरूप बिस्कुट, फ्रुटी, चाउचाउ र पानीलगायत खाद्यान्न सामग्री दिएर सहयोग गरेका छन् । बसोबासका लागि सम्बन्धित सवारीसाधन नै प्रयोग गर्न लगाइएको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए ।

CAREER OPPORTUNITY

Nabil Bank, established in 1984, is the market leader in the Nepalese Banking sector. We are dedicated to being the "Bank of 1st Choice" for all our stakeholders. Upholding our brand promise, "Together Ahead," we invite highly talented, motivated, and qualified Nepali citizens to join us in the following roles:

- Information System Audit Officer
- Core Banking Software Administrator

For further details, please visit www.nabilbank.com/career and click on the respective job position.

Application Deadline: 5th October 2025

Only shortlisted candidates will be contacted for further selection process. The Bank reserves the right to reject any/all applications without assigning any reason.

Canvassing in any form or at any stage of the process shall lead to automatic disqualification.

NABIL BANK®

Human Resource Department, Ghantaghar, Kathmandu, Contact No: 01-5971871

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड

Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ

फोन : ०१-४५३६३२५, इमेलः khanikhola.hpcl@gmail.com, वेवसाइटः www.kkhpcl.com.np

को

हकप्रद शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला मिति २०८२ भाद्र ०३ गतेदेखि निष्काशन तथा बिक्री खुला भईरहेको र उक्त हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउने अन्तिम म्याद मिति २०८२/०६/०५ गतेसम्म रहेको हुँदा हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउन बाँकी शेयरधनी महानुभावहरुले **आज मिति २०८२/०६/०५** गते आइतबार (बैंकिङ्ग समय) सम्ममा हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाई आफ्नो हक कायम गर्नु हुन अनुरोध गरिन्छ ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा ।
३	कुमारी बैंक लिमिटेडको बाग्मती शाखा, ललितपुर ।
४	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सांविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको वेवसाइट www.kkhpcl.com.np., तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको **वेवसाइटः** www.citizenscapital.com.np **वा निष्काशन कम्पनीको वेवसाइटः**www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

सिटिजन्स क्यापिटल लिमिटेड

Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

बादलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७

इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१७ जेष्ठ २०८२ देखि १६ भाद्र २०८२ सम्म

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४९७ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.nabilbank.com/individual/branches मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/Standard-Charge-Sheet.pdf मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक
नबिल बैंक लिमिटेड, विनामार्ग, तीनधारा, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारी : श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ ।
प्रमुखको नाम र पद : नामः श्री मनोज कुमार ज्ञवाली
पदः प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदी ।
१५. बैंकिङ्ग कारोवारको सम्बन्धमा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानून ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ र बैंकको वेवसाईट www.nabilbank.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेवसाईट www.nabilbank.com रहेको छ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SSE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको लागि एक मात्र निवेदन प्राप्त भएकोमा सो सम्बन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सूचना उपलब्ध गराउनु पर्नेमा सूचना उपलब्ध गराईएको ।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेवसाईटमा समेत प्रकाशन गर्दै आएको छ ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०

नेपाली महिला टिमले मलेसियामा पाँच खेल खेल्ने



आगामी जनवरीमा घरेलु मैदानमै हुने महिला टी-२० विश्वकपको ग्लोबल छनोटअघि नेपाली टोलीले मलेसिया भ्रमण गर्न लागेको हो

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले मलेसियासँग पाँच टी-२० अन्तर्राष्ट्रिय खेल खेल्ने भएको छ। मलेसियाको क्वालालम्पुरमा शृंखला २ देखि ८ अक्टोबरसम्म हुने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। यो खेलका लागि अनुभवी अलराउन्डर सीता रानामगरले कमब्याक गरेकी छिन्। यो खेलको मिति तय भए पनि तालिका भने सार्वजनिक भएको छैन।

यसअघि टी-२० महिला विश्वकप एसिया छनोट खेलेका टिमबाट पाँच परिवर्तन गरिएको छ। त्यसअघि नेपालले नेपाली खेलाडीले मलेसियामै हुने मलेसियन सुपर वुमन सिरिज खेल्नेछन्। यो खेल २४ देखि ३० सेप्टेम्बरसम्म हुनेछ। उक्त प्रतियोगितामा नेपालका १४ खेलाडी फरक-फरक पाँच टोलीबाट खेल्नेछन्।

नेपाली महिला टोलीले आगामी जनवरीमा घरेलु मैदानमै हुने महिला टी-२० विश्वकपको ग्लोबल छनोट खेल्दै छ। त्यसको तयारीका लागि क्यानले यी दुई कार्यक्रमहरू राखेको हो।

नेपाली खेलाडी मलेसियाका पाँच टिममा

मलेसियासँग पाँच शृंखला खेल्नुअघि नेपाली खेलाडीले मलेसियामै हुने मलेसियन सुपर वुमन सिरिज खेल्नेछन्। यसमा नेपाली १४ मध्ये १२ खेलाडीले फरक पाँच क्लबबाट खेल्ने पक्का भएको छ। रुबिना क्षेत्री र कविता कुँवरको भने टुंगो लाग्न बाँकी छ। सेन्ट्रल सुपर गल्र्समा नेपालका यशोदा विष्ट, राजमती ऐरी, सीता रानामगर र रिया शर्माले खेल्ने भएका छन्। इस्टर्न लायनेसमा कविता जोशी र सम्झना खड्का आबद्ध भएका छन्। यस्तै, रुबी पोद्दारले नर्थन क्विन्सबाट खेल्दा नेपाल यू-१९ टिमकी कप्तानसमेत रहेकी पूजा महतो र सोमु विष्टले साउथर्न जागुअर्सबाट खेल्ने पक्का भएको छ। यस्तै, अर्को टोली वेस्टर्न वन्डर वुमनले कप्तान इन्दु बर्मासहित सावित्री धामी र रचना चौधरीलाई मौका दिएको छ।

चार महिनापछि अन्तर्राष्ट्रिय खेल खेल्दै

नेपाली महिला टिमले चार महिनापछि अन्तर्राष्ट्रिय सहभागिता जनाउँदै छ। नेपालले गत मेमा थाइल्यान्डको बैंककमा आइसिसी महिला टी-२० विश्वकप एसिया क्षेत्रीय छनोट खेलेको थियो। जहाँ नेपाल सुपर थ्रीमा पराजित भयो। निर्णायक खेलमा भने घरेलु टोली थाइल्यान्डसँग ७८ रनले पराजित भएको थियो। थाइल्यान्डले दिएको १५८ रनको लक्ष्य नेपालले पूरा गर्न सकेन। नेपालले २० ओभरमा नौ विकेट गुमाउँदा मात्र ८० रन बनाएको थियो।

त्यसअघि नेपालले युएईलाई पाँच विकेट, बहराइनलाई ६ विकेट, हङकङलाई सात विकेट, बहराइनलाई नै नौ विकेटले हराएको थियो। त्यसअघि नेपाली टिमले युगान्डामा सिरिज खेलेको थियो।

सीतासहित पाँच खेलाडीलाई मौका

क्यानले मलेसिया जाने टोलीमा पाँच खेलाडीलाई मौका दिएको छ। इन्दु बर्माको कप्तानीमा रहेको १४ सदस्यीय टोलीमा सीताले कमब्याक गरेकी छिन्। सीतासहित सोमु विष्ट, रचना चौधरी, यशोदा विष्ट र सावित्री धामी टिममा परेका छन्। यसअघि टी-२० महिला विश्वकप एसिया छनोट खेलेका टिमबाट ईश्वरी विष्ट, सबनम राई, विन्दु रावल, रोमा थापा र मनीषा उपाध्याय बाहिरिएका छन्। टोलीमा कप्तान इन्दु, पूजा महतो, राजमती ऐरी, सम्झना खड्का, कविता जोशी, रिया शर्मा, सोमु विष्ट, रचना चौधरी, रुबी पोद्दार, यशोदा विस्ट, सावित्री धामी, कविता कुँवर, पूर्वकप्तान रुबिना क्षेत्री र सीता छन्। नेपाली टिममा यशोदा विष्ट र सावित्री धामीले पहिलोपटक स्थान बनाएका हुन्।

२५ वर्षीय यशोदाले घरेलु क्रिकेटमा बागमती प्रदेशबाट खेल्दै आएकी छिन्। त्यस्तै, १७ वर्षीया सावित्रीले नेपालको यू-१९ खेलिसकेको क्रिकेटमा प्रदेशबाट टोलीबाट विश्वकप अनुभव छ। घरेलु उनले सुदूरपश्चिम खेल्ने गरेकी छिन्।



● सीता रानामगर

पाकिस्तानी टिमले गऱ्यो 'प्रिम्याच प्रेस कन्फरेन्स' बहिष्कार

पाकिस्तानविरुद्धको पछिल्लो पाँच भेटमा भारतले चार खेल जितेको छ। सेप्टेम्बरमा भारतमाथि पाकिस्तानले पाँच विकेटको जित निकालेको थियो।



एजेन्सी

एसिया कपको सुपर ४ मा आइतबार चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तान प्रतिस्पर्धा गर्दै छन्। तर, खेलअघि शनिबार भएको प्रिम्याच प्रेस कन्फरेन्समा भारतीय कप्तान सूर्यकुमार यादव उपस्थित हुँदा पाकिस्तानले भने बहिष्कार गरेको छ। पाकिस्तानी टिमको कप्तानमा सलमान अली अगा छन्। उनी खेलअघि पत्रकार सम्मेलनमा उपस्थित भएनन्। भारत र पाकिस्तानबिचको खेल दुबई अन्तर्राष्ट्रिय मैदानमा सवा ८ बजे सुरु हुनेछ। सम्मेलनमा उपस्थित भएका कप्तान यादवले पत्रकारको प्रश्नमा उत्तर दिएपछि पाकिस्तानको नाम नै उच्चारण गरेनन्। उनको यो हर्कतको अहिले सर्वत्र आलोचना भइरहेको छ।

यससँघि सेप्टेम्बर १४ मा भारत र पाकिस्तानबिचको खेल युएईमै भएको थियो। खेलमा पाकिस्तान कमजोर प्रदर्शन गर्दै सात विकेटले पराजित भएको थियो। तर, खेलपछि भारतीय खेलाडीले पाकिस्तानी खेलाडीसँग हात मिलाएनन्। सामान्यतया, खेलमा जस्तोसुकै नतिजा आए पनि विपक्षी खेलाडीसँग सौहार्दपूर्ण सम्बन्ध बनाउन हात मिलाउनुपर्ने नियम छ। तर, भारतीय टोलीले यसो गर्न चाहेनन्। यसपछि पाकिस्तानी टिम आइसिसीसँग नै सन्तुष्ट छैन।

खेलका अम्पायर एन्डी पाइक्राफ्टले पनि दुवै खेलाडीलाई हात मिलाउन लगाएनन्। भारतीय टोलीलाई नियममा बाँध्न नसकेपछि उनी निकै विवादास्पद भए। उनले खेलाउने खेलमा पाकिस्तानी टिम खेल्न तयार नै भएन। उनलाई हटाउन पाकिस्तानी क्रिकेट बोर्ड नै अघि सऱ्यो। पछि अम्पायरले पाकिस्तानी टिमसँग माफी नै माग्नुपरेको थियो। त्यसपछि मात्रै एक घण्टा ढिला गरी युएईविरुद्धको खेल सुरु भएको थियो। उनी अम्पायर एन्डीले पुनः भारत र पाकिस्तानबिचको खेल खेलाउने पक्का भएको छ। यसअघि भारतले शुक्रबार ओमानविरुद्ध संघर्षपूर्ण जित निकालेको थियो। ओमानको प्रदर्शनलाई लिएर भारतीय खेलाडीले खुबै प्रशंसा पनि गरे। खेलमा ओमानले मात्र २१ रनको हार व्यहोऱ्यो। सुरुमा ब्याटिङ गरेको भारतले १८९ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा ओमानले पूरा २० ओभर खेलेर ४ विकेट गुमाउँदै एक सय ६७ रन बनाएको थियो। पत्रकार सम्मेलनमा कप्तान यादवले ओमानको प्रदर्शनको तारिफ पनि गरेका थिए।

पछिल्लो पाँच भेटमा भारत हाबी

भारत र पाकिस्तानबिचको पछिल्लो पाँच भेटमा भारत हाबी भएको छ। पाँचमध्ये चार खेलमा भारत जित निकाल्न सफल भएको थियो। यसै वर्ष भएको एक मात्रै भेटमा भारत सात विकेटले विजयी भएको थियो। यो खेल युएईमै एसिया कपको समूह चरणमा खेलिएको हो। यसअघि सन् २०२४ मा एक मात्रै खेल भयो। जुनमा भएको खेलमा पनि भारत ६ विकेटले विजयी यो। सन् २०२२ मा दुई टोलीबिच तीन भेट भएको छ। अक्टोबरमा भएको खेलमा पनि भारत चार विकेटले विजयी हुँदा सेप्टेम्बरमा भारतमाथि पाकिस्तानले पाँच विकेटको जित निकालेको थियो। निकै रोमाञ्चक खेलमा पाकिस्तान एक बलअघि जित निकाल्न सफल भएको हो। यता, अगस्टमा भएको खेलमा पनि भारत पाँच विकेटले नै विजयी भएको थियो।

खेल संक्षेप

पुरुषोत्तम तेस्रो चरणमा पराजित

काठमाडौं/ प्रथम बुद्धिस्ट च्यापिड बुद्धिचाल प्रतियोगितामा नेपाली खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गरेका छन्। रसियामा चलिरहेको चेस स्पर्धाको तेस्रो चरणमा नेपालका पुरुषोत्तम सिलवाललेे शीर्ष वरीयताका हंगेरियन २५५० रेटेड खेलाडी ग्रायन्ड मास्टर स्जुजिरोभ सननसँग कालोगोटीबाट खेल्दै हार व्यहोरेका छन्। २१९८ रेटेड सिएम सिलवाललेे यसअघि पहिलो र दोस्रो चरणमा जित दर्ता गर्दै क्रमशः थाइल्यान्डका १७०२ रेटेड नात्रादा काइववात्था तथा फिलिपिन्सका २४२३ रेटेड आइएम नाभा रोडेरिकलाई पराजित गरेका छन्। एमेच्योर शैलेन्द्र न्यौपानेले फिलिपिन्सका खेलाडी नाभा रोमेलिनमाथि जित, रसियन खेलाडी इर्गित अरिनासँग हार र थाइल्यान्डका नात्रादालाई पराजित गरे।

नेपाली महिला खेलाडी सिन्दिरा जोशीले सन्तोषजनक खेल प्रदर्शन गरेका छन्। नेपाली टोलीले ६ अंक जोडेर एभरेज रेटिङका आधारमा दोस्रो स्थानमा उभिन सफल भएका छन्। प्रतिस्पर्धामा पुरुषोत्तमले २२२५, सिन्दिराले १८३२ र शैलेन्द्रले १६७८ रेटिङ पर्फर्मेन्स गरी समान २-२ अंक बनाएर खेललाई जारी राखेका छन्। १० हजार युएस डलर पुरस्कार रहेको प्रतिस्पर्धाअन्तर्गत चौथो चरणमा तीनैजना नेपालीले प्रतिद्वन्द्वीका रूपमा रुसका खेलाडीसँग खेल्नेछन्।

तेक्वान्दो मास्टर अधिकारी सम्मानित

काठमाडौं/ अन्तर्राष्ट्रिय तेक्वान्दो मास्टर जगन अधिकारीलाई गोठाटार तेक्वान्दो डोजाङले सम्मान गरेको छ। अधिकारीले नेपाल तेक्वान्दो संघसँग आबद्ध रही युएईमा नेपाली राष्ट्रिय निर्णायकको रूपमा काम गर्दै नेपाल र नेपालीको पहिचान उच्च पार्दै विदेशी खेलाडीहरूलाई प्रशिक्षण गराउँदै आएका छन्। उनले अमेरिकाको सिकागो सहरमा सम्पन्न अन्तर्राष्ट्रिय तेक्वान्दो मास्टर सेमिनारमा उत्कृष्ट प्रदर्शन गरेका थिए। तेक्वान्दो मास्टर अधिकारीलाई गोठाटार तेक्वान्दो डोजाङका संस्थापक एवं अध्यक्ष प्रेम भण्डारी र डोजाङका सल्लाहकार एवं नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य हेमन्त डांगीले सम्मान गरे।

जापानका पूर्वराष्ट्रिय फुटबलर नेपालमा

नयाँ पत्रिका

एसियाली महारथी देश जापानका पूर्वराष्ट्रिय फुटबल खेलाडी ताडा नेपालमा आएका छन्। स्पोर्ट हबको उद्घाटन गर्न उनी नेपाल आएका हुन्। एकेडेमीको उद्घाटन सोमबार हुनेछ। ताडालाई टिपटो स्पोर्टस् एकेडेमीका सिइओ सुवास न्यौपाने र अध्यक्ष गौरव बस्नेतले स्वागत गरेका थिए। सोही अवसरमा ताडाले टिपटो स्पोर्टस् एकेडेमीसँगको सहकार्यका लागि सम्झौता गर्नेछन्। ताडाले हाल थाइल्यान्डमा सिली स्पोर्टस् क्लब सञ्चालन गरिरहेका छन्। गोलकिपर ताडाले जापानको यू-१५ देखि २३ सम्मको राष्ट्रिय टिमको प्रतिनिधित्व गरेका छन्।



यसैगरी, उनले जापानी टोलीबाट ओलम्पिकमा पनि सहभागिता जनाइसकेका छन्।

उनको भ्रमणले नेपाल र अन्तर्राष्ट्रिय एकेडेमीबिच खेलकुद कूटनीतिक सम्बन्ध विस्तार गर्ने लक्ष्य राखेको छ। नेपाल र अन्तर्राष्ट्रिय एकेडेमीबिच खेलाडी, प्रशिक्षक शिक्षा कार्यक्रममार्फत आधुनिक प्रशिक्षण विधि आदान-प्रदान गर्ने सम्झौता हुनेछ। सम्झौतामा एकेडेमी खेलाडीका लागि फुटबल क्लिनिक सञ्चालन, एकेडेमिका लागि खेल सामग्री तथा आवश्यक सहयोग प्रदान, हरेक वर्ष थाइल्यान्डमा हुने एसियन च्याम्पियनसिपमा सहभागी हुने अवसर लगायतका बुँदा समावेश हुनेछन्। उनले नेपाल बसाइको क्रममा टिपटो स्पोर्टस् एकेडेमी हब अवलोकन गर्ने, प्रशिक्षण सत्र हेर्ने र खेलाडी तथा प्रशिक्षकसँग प्रत्यक्ष अन्तर्क्रिया गर्ने कार्यक्रम छ। ताडाको आगमनसँगै टिपटपले अन्तर्राष्ट्रिय सञ्जाल विस्तार गर्ने, नेपाली युवा खेलाडीलाई थप अवसर दिलाउने तथा ग्रासरुट फुटबललाई बलियो बनाउने अपेक्षा राखेको छ।

फुलकन्ट्याक्ट कराँतेमा बुढाथोकी निर्विरोध

काठमाडौं/ नेपाल फुलकन्ट्याक्ट कराँते महासंघको चुनावी साधारणसभाले सूर्यबहादुर बुढाथोकीको अध्यक्षतामा २२ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको छ। शनिबार कीर्तिपुरमा भएको साधारणसभाबाट प्रेमबहादुर तामाङ वरिष्ठ उपाध्यक्ष, राजु तुलाधर, धनबहादुर तामाङ र नन्दाकुमार किराँती उपाध्यक्ष, प्रेमनाथ श्रेष्ठ महासचिव, राजीव खड्का सचिव र वीरकृष्ण महर्जन कोषाध्यक्षमा चुनिए।

अमिर ओड, कमला घर्ती, याङशु श्रेष्ठ, जगतबहादुर धामी, पवन मगर, हितबहादुर मोक्तान, अनिल श्रेष्ठ, सूर्यकुमार कार्की, वीरेन्द्र चन्द, विवेककुमार दाहाल, रामहरि खड्का, हर्कबहादुर तामाङ र सागर विष्ठ सदस्यमा चयन भए। पहिलो बैठकले कल्पना आचार्य, रमेश तामाङ र मीनबहादुर शाहीलाई उपाध्यक्षमा मनोनीत गरेको छ। त्यस्तै, गौतम शाह र शक्ति जमुना शाहलाई सदस्यमा मनोनयन गरियो। त्यसअघि साधारणसभाको उद्घाटन राखेपका सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

मधेश प्रदेश, जनकपुरधाम, धनुषा

करार सेवामा भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०५

सूचना नं. ०२/०८२/०८३

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रिक्त रहेको पदमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यक भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरूबाट आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, नागरिकताको प्रमाणपत्र सहित यस प्रतिष्ठानको कार्यालयमा रित पूर्वकको दरखास्त यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र (२०८२/०६/२५ गते सम्म) पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं	विज्ञापन नं.	पद	तह	मांग पद	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१	११/०८२/०८३	क. इन्डोक्रिनोलोजिष्ट	नवौ	१	MD Endocrinology वा DM उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।
२	१२/०८२/०८३	क. नेफ्रोलोजिष्ट	नवौ	१	MD Nephrology वा DM उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।
३	१३/०८२/०८३	स्टाफ नर्स	पाँचौ	२५	नर्सिङमा प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण गरि सम्बन्धीत काउन्सिलमा दर्ता भएको।
४	१४/०८२/०८३	बायोमेडिकल टेक्निसियन	पाँचौ	१	10+2 with Biomedical Equipment Training or BMET
५	१५/०८२/०८३	डेन्टल हाइजनिष्ट	पाँचौ	२	डेन्टल हाइजिनमा प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण गरि सम्बन्धीत काउन्सिलमा दर्ता भएको।

पदपूर्ति सम्बन्धी अन्य शर्तहरू :

१. **दरखास्त दिने अवधि :** २०८२/०६/०५ देखि २०८२/०६/२५ गते सम्म। सार्वजनिक विदा भएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा दरखास्त दिन सक्नेछ।
२. सम्पर्क मिति पछि प्रकाशित गरिनेछ।
३. **उमेरको हद :** ४५ वर्ष ननाघेको हुनु पर्नेछ।
४. **परीक्षा दस्तुर :** नवौं तहको रु. १०००।- र पाँचौ तहको रु. ६००।-
५. **परीक्षा दस्तुर :** लक्ष्मी सनराईज बैंक लिमिटेड, भानु चौक, जनकपुरधाम स्थित यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. १६८१६९९५३६०१११०१ मा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
६. **परीक्षाको किसिम :** विज्ञापन नं. ११/०८२/०८३ र १२/०८२/०८३ को अर्न्तवार्ता तथा विज्ञापन नं. १३/०८२/०८३, १४/०८२/०८३ र १५/०८२/०८३ को लिखित र अर्न्तवार्ता हुनेछ।
७. **परीक्षाको समय :** सम्पर्क मितिमा तोकिनेछ।
८. दरखास्त फारम यस प्रतिष्ठानको website: www.mihs.edu.np बाट डाउनलोड गरि रित पूर्वक भरि यस प्रतिष्ठानको कार्यालय, जनकपुरधाम-१४, मुजेलिया (मनिपाल) मा पेश गर्नु पर्नेछ।
९. यस विज्ञापनको पदपूर्ति सम्बन्धि अन्तिम अधिकार प्रतिष्ठानमा निहित रहनेछ।

रजिष्ट्रारको कार्यालय
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान



लिभरपुलको लगातार पाँचौं जित

एजेन्सी

साबिक विजेता लिभरपुलले इंग्लिस प्रिमियर लिगमा लगातार पाँचौं जित निकालेको छ। शनिबार राति घरेलु मैदानमा भएको मर्सीसाइड डर्बीमा लिभरपुलले एभर्टनलाई २-१ ले हरायो। लिभरपुलको जितमा रायन ग्राभनबर्क र ह्युगो एकिटिकेले समान एक गोल गरेका थिए। यस नतिजासँगै प्रिमियर लिगको शीर्षस्थानमा रहेको लिभरपुलको पाँच खेलमा १५ अंक पुगेको छ। एभर्टनको पाँच खेलमा सात अंक छ।

यसअघि लिभरपुलले सिजनको पहिलो खेलमा बर्नामाउथलाई ४-२ ले हराउँदै सानदार सुरुवात गरेको थियो। रोमाञ्चक बनेको दोस्रो खेलमा बलियो न्युक्यासललाई ३-२ ले हराउँदा आर्सनलविरुद्ध पनि १-० कै जित निकाल्यो। चौथो खेलमा पनि जित निकाल्ने क्रममा लिभरपुलले बर्नलीमाथि १-० को जित निकालेको हो। अब, लिभरपुलले बुधबार एफए कपमा साउथह्याम्पटमको चुनौती पछ्याउनेछ।

पहिलो हाफमै दुई गोल

सहरी प्रतिद्वन्द्वीविरुद्ध लिभरपुलले पहिलो हाफमै दुई गोल गरेको थियो। दोस्रो हाफमा एभर्टनले एक गोल फर्कायो। तर, अर्को खेल फर्काउन नसक्दा तीन अंक गुमाएको हो। खेलको दसौं मिनेटमा लिभरपुलले ग्रभनबर्कको गोलमा अग्रता लियो। स्ट्राइकर मोहमद सलाहको पासलाई पहिलो टचमै उनले गोल गरे। २९औं मिनेटमा एकिटिकेले लिभरपुलको २-० को अग्रता दिलाए। ग्राभनबर्कको पासलाई उनले सदुपयोग गरेका हुन्। उनले गोलकिपर जोर्डन पिकफोर्डलाई बिट गरेका थिए। खेलको ५८औं मिनेटमा इड्रिसा गेयेले अग्रता २-१ मा झारेका थिए। तर, बाँकी समय गोलका अवसर बनाएपछि एभर्टनले अंक खोस्न सकेन।